अर्थतन्त्र शिथिल छ, तर सङ्कटमा नरहेको अर्थमन्त्रीको भनाई | पृष्ठ ७ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ •अंक २९१ • २०८० साल चैत्र ५ गते सोमबार (18 March, Monday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## आरती साह मृत्यु प्रकरणमा सासु रेणु पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । आरती साह मृत्यु प्रकरणमा उनकी सासु रेणु साहलाई जिल्ला प्रहरी कार्यालय धनुषाले पक्राउ गरेको छ । उनका परिवारजनसंग गृहमन्त्री रवि लामिछानेसंग सहमति भएपछि उनकी सासु रेणुलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले आइतबार भानु चोकबाट आरोपित सासु रेणुलाई पक्राउ गरेको जनाएको छ ।

धनुषा प्रहरीका प्रहरी उपरीक्षक मित्रबन्धु शर्माले धनुषा जिल्ला अदालतको आदेशपछि आरती साहकी सासु रेणुलाई पक्राउ गरिएको जनाएको छ ।

धनुषा प्रहरीले फागुन २३ गते आरतीका देवर रवि साहलाई जनकपुरधामस्थित ब्रह्मपुरी चोकमा रहेको घरबाटै पक्राउ गरेको थियो भने पुस ९ मै सर्वोच्च अदालतको आदेशबाट आरतीका श्रीमान् मोतीबाबु साहलाई पक्राउ गरेको थियो ।

गत जेठ ७ गते आफ्नै घरमा आरती झुण्डिएको अवस्थामा मृत फेला परेकी थिइन् । दाइजोको कारण श्रीमान, सासु, ससुरा, देवरलगायतले आरतीको हत्या गरेको भन्दै माइती पक्षले निरन्तर आन्दोलन तथा धर्ना प्रदर्शन गर्दै आएका थिए ।



आरतीका परिवारले उनलाई उपचारको लागि काव्या अस्पताल लगेपछि घटनाबारे प्रहरीले थाहा पाएको थियो । आरतीकी माइती पक्षले श्रीमान, देवर, ससुरा लगायतले हत्या गरी झुण्ड्याएको आरोप लगाउँदै आएको थियो ।

सो मुद्दामा धनुषा जिल्ला अदालतले आरतीकी श्रीमान मोतीबाबु र ससुरा मदनमोहन व्याहुत सुँडीलाई थुनामा पठाउने आदेश दिएको थियो ।

तर असोज १८ गते उच्च अदालत जनकपुरले थुनामा रहेका दुबैजनालाई साधारण तारेखमा रहने गरी रिहा गरेको थियो । उच्च अदालतले दिएको सो आदेशको विरूद्धमा आरतीकी परिवारजनले सर्वोच्च अदालत मुद्दा दायरसमेत गरेको थियो ।

सो रिटमा माथिको भएको सुनुवाइमा आरतीको श्रीमानलाई थुनामा पठाउने आदेश दिएको थियो ।

आरतीको हत्या गरेको भन्दै उनका श्रीमान र ससुरालाई कडा कारबाही गर्न माइती पक्षले लामो समयदेखि काठमाण्डुमा आन्दोलन गर्दै आए पछि उनको हत्यामा संलग्न रहेको आरोपमा उनका श्रीमान, देवर र ससुरालाई यस अघि नै प्रहरीले पक्राउ गरिसकेको छ ।

काठमाण्डुस्थित माइतीघरलगायत विभिन्नस्थलमा १० महिनासम्म निरन्तररुपमा आरतीका आमा, बुवा र बहिनी धर्नामा बस्दै आएका थिए ।

गृहमन्त्री रवि लामिछानेले आरतीको परिवारजनसंग आरोपितलाई पक्राउ गरी कारबाही प्रक्रिया अघि बढाउने सहमति गरेपछि उनीहरुले आन्दोलन स्थगित गरेको थियो ।

# वार्षिक करोडौं राजस्व गुमाउँदै मधेश प्रदेश सरकार

**टुडे समाचारदाता**

जनकपुरधाम । आन्तरिक आयको स्रोत परिचालनका लागि ठोस कदम नचाल्दा मधेश प्रदेश सरकारले वार्षिक करोडौं राजस्व गुमाइरहेको छ । संविधानमा प्रदेश सरकारले आफ्नो आन्तरिक आय गर्न सक्ने कानुनी आधार निक्योल गरे पनि सोअनुसार अगाडि बढ्न नसक्दा मधेश प्रदेश सरकारले क्षमताअनुसारको राजस्व संकलन गर्न सकेको छैन् ।

मधेश प्रदेश सरकारले आन्तरिक राजस्व बढाउने उद्देश्यसहित ल्याएको कर तथा गैरकरसम्बन्धी विधेयक २०७६ साउनमै प्रदेशसभाबाट पारित भए पनि प्रदेश सरकारले उक्त ऐनलाई राजपत्रमा प्रकाशित गर्न सकेको छैन । प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको विधेयक राजपत्रमा प्रकाशित भएपछि मात्र कार्यान्वयनमा आउँछ । तर, प्रदेशको निष्क्रियताले कानुन कार्यान्वयनमा ल्याउन नसक्दा आन्तरिक आय बढ्न सकेको छैन ।

प्रदेश सरकारका अनुसार आर्थिक वर्ष २०७८/७९ मा ३ अर्ब ५४ करोड ९ लाख रुपैयाँ आन्तरिक राजस्व संकलन भएको थियो । गत आर्थिक वर्षमा यस्तो आय २४ करोड ६ लाखभन्दा बढी उठे पनि यो बजेटको तुलनामा यो निकै कम अंक हो । आन्तरिक आय न्यून हुँदा बजेटको अधिकांश हिस्सा संघको अनुदान, राजस्व बाँडफाँट, ससर्त अनुदान, समपूरक, विशेष अनुदानमै निर्भर रहनुपर्ने अवस्था छ ।

प्रदेश सरकारले संकलन गर्ने राजस्वले प्रदेश सरकार र प्रदेशसभाका पदाधिकारी तथा प्रदेशमातहतका कर्मचारीलाई तलब-भत्ता दिन पनि पुग्दैन । गत आर्थिक वर्षमा प्रदेश सरकारले ३ अर्ब ७८ करोड १५ लाख आम्दानी गर्दा चालुतर्फ मात्रै १० अर्ब ७७ करोड ७६ लाख १३ हजार २४० रुपैयाँ खर्च भएको थियो ।

मधेश प्रदेशका अर्थ मन्त्रालयका निमित्त सचिव अजयकुमार लाल कर्णले आन्तरिक आय न्यून भएकाले कर्मचारीको तलब, सेवासमेत संघ सरकारले उपलब्ध गराउने बजेटमा निर्भर हुनुपर्ने स्वीकार गर्छन् । 'बजेटको अनुपातमा हाम्रो आन्तरिक आम्दानी न्यून छ । नयाँ संरचना भएकाले पनि अहिले संघकै बजेटमा भर पर्नुपर्ने अवस्था छ,' उनी भन्छन्, 'तर, यो मधेश प्रदेशको मात्र नभई सबै प्रदेशको साझा समस्या हो ।'

> प्रदेश सरकारले आव २०७५/७६ मा ४ अर्ब ५३ करोड र आव २०७६/७७मा २ अर्ब ७३ करोड ५२ लाख मात्रै आम्दानी गरेको थियो । त्यसै गरी आव २०७७/७८ मा २ अर्ब ९५ करोड ४८ लाख, आव २०७८/७९ मा ३ अर्ब ५४ करोड ९ लाख र गत आवमा २०७९/०८० मा ३ अर्ब ७८ करोड १५ लाख आन्तरिक आय गरेको छ ।

मन्त्रालयले गत आवमा ४७ अर्ब २ करोड ५० लाख ५२ हजार ११७ रुपैयाँको बजेट ल्याएको थियो । त्यसमा ठूलो हिस्सा कर्मचारीको तलब, सेवा सुविधा, कार्यालय व्यवस्थासहितमा २० अर्ब ७४ करोड ९६ लाख ६६ हजार रुपैयाँ विनियोजन गरेको थियो । खर्चअनुसार आन्तरिक आय बढाउन भने खासै प्रयास भएको देखिँदैन ।

संघले दिएको बजेटसमेत खर्च गर्न नसक्ने सरकारले आन्तरिक आम्दानी बढाउन प्रयास नगर्नुलाई अर्थविज्ञहले अनौठो मान्दैनन् । 'जुन सरकारले आफ्नो बजेट खर्च गर्न सकिरहेको छैन, त्यो सरकारले आन्तरिक आम्दानी बढाउनेतर्फ ध्यान दिन्छजस्तो लाग्दैन', अर्थविज्ञ डा.सुरेन्द्र झा भन्छन् ।

अर्थ मन्त्रालयले उपलब्ध गराएको तथ्यांक अनुसार प्रदेश सरकारको वार्षिक आम्दानी वृद्धिदर न्यून छ ।

प्रदेश सरकारले आव २०७५/७६ मा ४ अर्ब ५३ करोड र आव २०७६/७७मा २ अर्ब ७३ करोड ५२ लाख मात्रै आम्दानी गरेको थियो । त्यसै गरी आव २०७७/७८ मा २ अर्ब ९५ करोड ४८ लाख, आव २०७८/७९ मा ३ अर्ब ५४ करोड ९ लाख र गत आवमा २०७९/०८० मा ३ अर्ब ७८ करोड १५ लाख आन्तरिक आय गरेको छ ।

प्रदेश सरकारले आफैं र स्थानीय तह मार्फत सवारी साधन, घरजग्गा रजिस्ट्रेसन, मनोरञ्जन कर, विज्ञापन कर र प्राकृतिक स्रोत कर उठाउने गरेको छ । त्यसबाहेक सेवा शुल्क दस्तुर आदिबाट सरकारले आम्दानी गर्छ ।

आर्थिक वर्ष २०७६/०७७ देखि सरकारले आर्थिक ऐनमै प्रदेश भित्र रहेका सिमेन्ट उद्योगहरुले प्रति बोरा एक रुपैयाँ राजस्व बुझाउनुपर्ने उल्लेख गरेको थियो । तर अहिले पनि उक्त ऐन कानुनलाई वेवास्ता गर्दै अधिकांश सिमेन्ट उद्योगहरुले राजस्व बुझाई रहेका छैनन् ।

त्यसैगरी, दहत्तर बहत्तर कर अर्थात् बालुवा गिट्टीबाट आउने आम्दनी पनि स्थानीय तहले आफैसँग राख्ने गरेका छन् । जब कि बालुवा गिट्टीबाट उठ्ने राजस्व मध्ये ४० प्रतिशत प्रदेश सरकारले पाउने कानुनी प्रवधान छ । तर सरकारको लापरबाहीको कारण केही स्थानीय तहले आफूखुसी बुझाए पनि अधिकांश स्थानीय तहले बुझाई रहेका छैनन् ।

चालु आर्थिक वर्षको आर्थिक ऐनमा प्रदेश सरकारले यातायातसँग सम्बन्धी ट्राफिक प्रहरीले विभिन्न सवारी चालकसँग लिने जरिवाना वापतको रकम प्रदेश संचित कोषमा बुझाउनुपर्ने व्यवस्था गरेको छ । तर अहिलेसम्म प्रदेश भित्रका ट्राफिक प्रहरी कार्यालयहरुले साविककै संघीय सरकारको खातामा उक्त रकम जम्मा गर्ने गरेको अर्थ मन्त्रालयका निमित सचिव कर्णले बताए ।






# चिनियाँ कम्पनिले नेपालको प्राकृति श्रोत साधन मास्दै : अभियन्ता यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । चिनियाँ कम्पनीले विकासको नाममा मधेसको लाईफ लाईनमा सिरहा सप्तरी जिल्लाको महेन्द्र राजमार्ग बनाउने बहानामा नियमित हिसाबले चुरे पहाडको विनाश गर्दै आईरहेकाले आइतबार वीरगंजमा चुरे तथा वन जंगल संरक्षण अभियान द्वारा चिनियाँ कम्पनी विरुद्ध विभिन्न नाराका साथ विरोध प्रर्दशन गरेका छन्।

चिनियाँ हस्तक्षेप बन्द गर, बिआरआई परियोजना खारिज गर, नेपाल माथिको अनावश्यक चिनियाँ हस्तक्षेप बन्द गर, राष्ट्रिय स्वधिनता कायम गर भन्ने विभिन्न नाराका साथ जुलुस निकाली नगर परिक्रमा गरी घण्टाघरमा कोण सभामा परिणत भएको थियो।

विरोध प्रर्दशनमा चुरे तथा वन जंगल संरक्षण अभियानका संयोजक सुनिल यादवले चुरेलाई उत्खन्न गरी विनाश गर्दै आईरहेको बताए। उनले चिनियाले अनावश्यक रुपमा पोखरा




अन्तराष्ट्रिय विमानस्थल बनाई प्रत्येक नेपाली माथि जबरजस्ती ऋण थुपारेको आरोप लगाउदै चिनियाँ रणनितिक तथा विकासको नाममा भुमरीको जालोमा फस्दाउँदै आएको बताए। केही दिन अगाडि सिराहा भिडिजन वन कार्यालयले अवैध रुपमा उत्खन्न गर्दै आएका चिनियाँ कम्पनी (श्री चाईना रेल वे नं. २ इन्जिनियरिङ्ग ग्रुप कम्पनी लि. काठमाण्डौका स्काभेटर, टिपर तथा चिनियाँ नागरिक पक्राउ गरी जिल्ला अदालत सिराहाले मुद्दा चलाएको उनले बताए।

उनले भने,' अहिले मुद्दा विचाराधिन रहेको र मधेसमा चिनियाँ विस्तारवादी विरुद्ध हाम्रो सदैव अभियान जारी राख्ने र मधेशलाई मरुभुमि हुनबाट जोगाउन सम्पूर्ण मधेसी तथा नेपाली दाजुभाई एकजुट भई विकासको नाममा विनाश गर्दै आएका चिनियाँ र चिनियाँ कम्पनी विरुद्ध विरोध गर्न आग्रह गर्दछु।'

त्यस्तै अभियानका अभियान्ता चन्द्र प्रकाश सुवेदीले चिनियाँ विस्तारवाद र चिनले विभिन्न चरणमा नेपाली भूमि मिच्दै आएको र चिनियाँ कम्पनी द्वारा देशको विभिन्न ठाउँमा विकासको नाममा विनाश गर्दै आएको जस्तै नारायणगढ-बुटवल सडक खण्ड, पोखरा अन्तराष्ट्रिय विमान स्थल, महेन्द्र राजमार्ग विकासको नाममा चुरे दोहन लगायत बारे आफ्नो भनाई राखेको थिए।

सो कार्यक्रममा अभियानका अभियान्ताहरु पुनदेव चौधरी, सुनिल भान्जा, चित्रलेखा चौधरी, सुनिल कुशवाहा, सुभाष यादव र पार्वती नेपाल लगायत विभिन्न पार्टीका नेता तथा कार्यकर्ता, विधार्थी तथा समाजसेवीको उपस्थिती रहेको थियो।

# गठबन्धनले चोर र ठगलाई मन्त्री बनाए : डिला संग्रौला

**टुडे समाचारदाता**

जलेश्वर । नेपाली काग्रेसका केन्द्रीय सदस्य डिला संग्रौलाले परालको खुट्टामा उभिएको गठबन्धनले चोर र ठगलाई मन्त्री बनाएको टिप्पणी गरेकी छन्। सहकारीमा ठगी गरेको, सुन तस्करीमा संलग्न भएकाहरुलाई गठबन्धनले मन्त्री बनाएको आरोप लगाउदै उनीहरुले तत्काल राजीनामा दिनु पर्ने संग्रौलाले बताइन।

महोत्तरीको बर्दिबासमा आइतबार नेपाल प्रेस युनियनले आयोजना गरेको पत्रकार सम्मेलनमा संसदीय व्यवस्था समस्या रहेको भन्दै प्रश्न उठिरहेकोले संविधान पुनरावलोकन हुनु पर्ने बताइन।

कुनै पनि दलको बहुमत नहुँदा सरकार बनाउन तानातानको राजनीतिले सरकार बनाउने र ढाल्ने खेलमा जनताको समस्या ओझेलमा परेको छ, संग्रौलाले भनिन्,'संविधान संशोधन गरी निर्वाचन प्रक्रियालाई सुधार गर्नु आवश्यक छ।



निर्वाचन अगाडि गठबन्धन बनाउन नमिल्ने र निर्वाचन पछि सरकार बनाउन बहुमत नहुदा मात्रै गठबन्धन गर्न मिल्ने व्यवस्था गर्नु पर्छ।'

झुठ र बैमानीको राजनीति बिरुद्ध नेपाली काग्रेस सडक, सदन र संगठन-संगठन बीच एकता गरी आन्दोलन गर्ने तयारी गरेको छ, उनले भनिन्।

नेपाली कांग्रेस आफ्नो खुट्टामा उभिएर रुखमा मात्रै भोट हाल्ने निर्णय गर्दा कम्युनिष्टहरु आतिएको उनले आरोप लगाइन।

# भन्सार छलीका सामग्री बरामद

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा सशस्त्र प्रहरीले भन्सार छलेर ल्याउँदै गरेको सामग्री बरामद गरेको जनाएको छ।



सशस्त्र प्रहरी बल नम्बर ८ गण धनुषाले आइतबार धनुषाका विभिन्न सीमावर्ती क्षेत्र भारतबाट भन्सार छलेर ७ लाख रुपैयाँ मूल्य बराबरको फलफूल, लत्ताकपडा, किरानालगायतका सामग्री ल्याउँदै गरेको अवस्थामा बरामद गरेको छ।

सशस्त्र प्रहरी नम्बर ८ गण धनुषाका एसपी दर्शन गिरीले जानकारी दिए अनुसार बरामद सामग्री आवश्यक कारबाहीका लागि आइतबार नै राजस्व भन्सार कार्यालय जनकपुरमा बुझाइएको बताए।

सशस्त्र प्रहरीको टोलीले आइतबार नै टोलीले अवैध तस्करीमा संलग्न एउटा मोटरसाइकल समेत बरामद गरेको जनाएको छ।

# प्रदेशस्तरिय प्रशिक्षक प्रशिक्षण जारी

**टुडे समाचारदाता**

जलेश्वर। जनता समाजवादी पार्टी (जसपा) नेपालको मधेश प्रदेशस्तरिय प्रशिक्षक प्रशिक्षण कार्यक्रमको आयोजना गरेको छ।
जसपाले महोत्तरी जिल्लाको रामगोपालपुरमा शनिबारदेखि तीन दिने प्रशिक्षण गरिरहेको छ।

मधेश प्रदेश समिति पुनर्गठन भएपश्चात गर्न लागिएको महाधिवेशन लक्षित प्रशिक्षण कार्यक्रममा पार्टीका केन्द्रीय अध्यक्ष उपेन्द्र यादव, अन्तर ाष्ट्रिय सम्बन्ध विभागका प्रमुख अर्जुन थापालगायतका नेताहरु प्रशिक्षक रहेका छन्।

सोही अवसरमा कविलासी नगरपालिकाका पूर्व मेयर कौशलकुमार यादव आइतवार जसपामा प्रवेश गरेको मधेश प्रदेश समितिका अध्यक्ष बालकिशोर यादवले जानकारी गराएका छन्।

# टेलिकमका कर्मचारीको ठेकेदार कम्पनी, आयोगद्वारा मुद्दा दायर

**टुडे समाचारदाता**

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल टेलिमकमा कार्यरत स्थायी कर्मचारी इञ्जिनियर निर्मलप्रसाद सिटौलाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। कार्यालयमा हाजिर गरी छुट्टै हिमदुङ एन्ड थोकर कन्स्ट्रक्सन कम्पनीमा समेत कार्य गरी व्यापार-व्यवसाय गरेको र सूर्यविनायक धुलिखेल सिन्धुली बर्दिवास सडक आयोजनाको ठेक्का लिई प्रतिनिधिका रुपमा काम गरेको पाइएको छ। सो ठेकेदार कम्पनीको प्रतिनिधिका रुपमा हस्ताक्षर गरेको पाइएको छ। सो कार्य कानुनद्वार वर्जित भ्रष्टाचार भएको आयोगले ठहर गरेको छ।

सिटौलाले हिदुङ एन्ड थोकर कम्पनीबाट रु ४५ लाख १७ हजार पाँच सय पारिश्रमिक लिएको तथा मुनाफाबाट रु एक करोड १६ लाख दुई हजार पाँच सय चार बराबरको भ्रष्टाचार गरेको पाइएको छ। आयोगले बिगोबमोजिमको कारबाहीको माग गर्दै गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति जफथ गर्ने माग दाबीसहित मुद्दा दायर गरेको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिनुभयो।

# राष्ट्रिय जनगणना २०७८ सँग सम्बन्धित विषयगत प्रतिवेदन सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु। राष्ट्रिय तथ्याङ्क कार्यालयले जनगणनाका नतिजा र जनगणना सञ्चालनसँग सम्बन्धित विषयगत चार प्रतिवेदन सार्वजनिक गरेको छ।

प्रमुख तथ्याङ्क अधिकृत तोयम रायाले आइतबार आयोजित कार्यक्रममा राष्ट्रिय जनगणना २०७८ को नतिजामा आधारित तथ्याङ्कलाई विश्लेषण गरी तयार गरिएका विषयगत प्रतिवेदन सार्वजनिक गरेका हुन्।

पछिल्लो जनगणनाअनुसार नेपालको कूल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ रहेको, वार्षिक औसत जनसंख्या वृद्धिदर शून्य दशमलव ९२ प्रतिशतका दरले वृद्धि भएको, नेपालको पहिलोपटक १९६८ सालमा लिएको जनगणनासँग तुलना गर्दा अहिले करिब पाँच गुणाले जनसङ्ख्या वृद्धि भएको र जनसंख्या वृद्धिदर यही कायम रहे नेपालको जनसंख्या दोब्बरले वृद्धि हुन ७५ वर्ष लाग्ने तथ्याङ्क कार्यालयले जनाएको छ। पहाडी




र हिमाली क्षेत्रका ३४ जिल्लाका वार्षिक जनसंखया ऋणात्मक र तराईका सबै जिल्लाका जनसंख्या धनात्मक रहेको, सबैभन्दा बढी ऋणात्मक वृद्धिदर रामेछापमा माइनस एक दशमलव ६७ प्रतिशत र सबैभन्दा बढी काठमाडौँमा सात प्रतिशत वृद्धिदर रहेको तथा करिब दुई तिहाइ अर्थात् ६६ प्रतिशत जनसंख्या नगरपालिका क्षेत्रमा रहेको आइतबार सार्वजनिक प्रतिवेदनमा उल्लेख छ।

यसैगरी विसं २०६८ को तुलनामा समग्र साक्षरता दर नौ दशमलव छ प्रतिशतले वृद्धि भई ७६ दशमलव दुई प्रतिशत पुगेको, महिलाभन्दा पुरुष साक्षरता दर करिब १४ प्रतिशत बढी रहेको, पहाडमा सबैभन्दा बढी ८० दशमलव नौ र हिमाल तथा तराईमा लगभग बराबर अर्थात् ७३ प्रतिशत साक्षरता दर रहेको छ।

त्यस्तै अन्य लिङ्गीको जनसंख्या दुई हजार नौ सय २८ रहेको प्रतिवेदनमा उल्लेख छ। घर तथा परिवारको अवस्थासम्बन्धी प्रतिवेदनमा ६६ लाख ६० हजार आठ सय ४९ परिवारमध्ये ८६ प्रतिशत आफ्नै स्वामित्वमा भएको आवासीय एकाइमा, १२ दशमलव आठ प्रतिशत भाडाको घर र बाँकी सरकारी वा संस्थागत कार्यालयसहितका आवासीय एकाइमा बसोबास गर्ने उल्लेख छ।

विसं २०७८ को जनगणनाअनुसार परिवारको आकार औसतमा चार दशमलव चारजना रहेको, सुदूरपश्चिम र मधेस प्रदेशमा चार दशमलव सात, नगरपालिकामा चार दशमलव तीन र गाउँपालिकामा चार दशमलव पाँचजना सदस्य परिवारमा रहेका छन्।

राष्ट्रिय जनगणना २०७८ का क्रममा मुलुकको आमसञ्चारमाध्यमले अपेक्षा गरेअनुसार समाचार सामग्री सम्प्रेषण गरेको सो अवसरमा सार्वजनिक प्रतिवेदनमा उल्लेख गरिएको छ।

प्रमुख तथ्याङ्क अधिकारी रायाले मुलुकको विकास निर्माणमा महत्वपूर्ण भूमिका रहने राष्ट्रिय जनगणना अभियानलाई सफल बनाउन प्रत्यक्ष एवं अप्रत्यक्षरूपमा खटिने व्यक्ति सङ्घसंस्था, वर्ग, समुदाय सबैलाई धन्यवाद दिँदै निरन्तर चलिरहने विषयगत क्षेत्रका गणनामा पनि सरोकारवाला पक्षबाट यसअघिजस्तै साथ सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गरे।

# अनावश्यक खर्च घटाउन बालेनद्वारा कर्मचारीलाई निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले विभागीय प्रमुखहरुलाई विश्वास कायम राखेर उच्च मनोबलका साथ काम गर्न आग्रह



गरेका छन्। चालु आर्थिक वर्षको ६ महिनामा प्राप्त भएका उपलब्धि, यसका लागि झेल्नु परेका समस्या र लक्ष्य प्राप्त गर्न अवलम्बन गरिएका उपायका विषयमा आइतबार आयोजित छलफलमा उनले सेवा प्रवाहलाई अझ चुस्त बनाएर कार्य सम्पादन गर्न सबै विभागीय प्रमुखहरुलाई निर्देशन दिए।

"गलत गर्नु हुँदैन, गल्ती गर्नेलाई कारबाही हुनु, राम्रो गर्नेलाई प्रोत्साहन गर्नुपर्छ। असल नियतले काम गर्दागर्दै भएको भूललाई सहज लिनुपर्छ। मनसाय गलत राखिएका गल्तीप्रति आँखा चिम्लनु हुँदैन," प्रमुख शाहले भने, "गएको वर्षको तुलनामा यस वर्ष गुनासा कम छन्। सुधारका सङ्केतहरु देखिएका छन्। खर्च कम भयो भनेर नआत्तिनू, भौतिक प्रगति कति भएको छ हेर्नू, काम भइसकेपछि भुक्तानी नरोक्नू, कोही कर्मचारी बिदामा बसेका कारण सेवा प्रभावित हुनु हुँदैन। कोही बिदामा बस्दा सेवा प्रवाह नरोकिने व्यवस्था मिलाउनुपर्छ।"

उनले वर्षौंसम्म काम गरिरहेका कर्मचारीको अनुभव र क्षमताको प्रयोगबाट धेरै प्रगति हासिल गर्न सकिने उल्लेख गर्दै उनले भने, "धेरै कार्यक्रममध्ये कुन कामलाई प्राथमिकता दिने भन्ने अन्योल नहोस् भनेर हामीले महानगर गौरव र स्वर्णिम योजना कार्यान्वयनमा ल्याएका हौँ। यी कार्यक्रमको कार्यान्वयन दायित्व विभागीय प्रमुखहरुको हो। यसलाई प्राथमिकता राख्नुहोला।"


## माइग्रेशन हरायो

निम्न लिखित व्यहोराको माइग्रेशन घरबाट जनकपुर जाने क्रममा मिति २०८०।११।१३ गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना वा नजिकको प्रहरीमा खबर गरिदिन हुन् अनुरोध छ।
**नाम : मिथलेश साह**
**सिम्बोल नं.: २१७०१५८०**
**रजिष्ट्रेशन नं.:७९२१७०११०६११**
**ठेगाना: हंसपुर न.पा.-३, धनुषा**
**हाल : जनकपुरधाम उ.म.न.पा.-४, धनुषा**
**मो.नं.९८१२०२४८५३**


## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथून | : शिक्षामा उन्नति। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : धन वृद्धि सञ्चय। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : सुख समृद्धि हुने। |
| वृश्चिक | : भ्रमण अवसर हुने। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : वाद विवादबाट बच्नु। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : नयाँ कार्य हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




लुम्बिनीबाट रामग्राम स्तूपामा पूजा तथा प्रार्थना गर्न जाने क्रममा आइतबार दिउँसो पश्चिम नवलपरासीको परासीमा आइपुगेका भिक्षुहरु। *तस्बिरः रासस*

# 'सरकारको गतिमा परिवर्तन ल्याउन नयाँ समीकरण बनाएका हौँ'

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारको गतिमा परिवर्तन ल्याउन र वामपन्थी शक्तिबीच सहकार्यका निम्ति नयाँ समीकरण बनाइएको स्पष्ट गरेका छन् ।



आइतबार बिहान पोखरामा पार्टीका अगुवा नेता-कार्यकर्तालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले सो कुरा बताएका हुन् । प्रधानमन्त्री दाहालले भने, "कांग्रेसबाट पटकपटक धोका भयो । कांग्रेसबाट हामीलाई भोट 'ट्रान्सफर' हुने पनि देखिएन । सबैजसो निर्वाचनमा धोका भयो। भोलि पनि यस्तै हुने देखियो। एकातिर सरकारमा गति नआउने, अर्कोतर्फ गठबन्धनप्रति इमान्दार नहुने परिस्थितिले नयाँ गठबन्धनमा गएका हौँ ।"

प्रधानमन्त्री दाहालले पार्टीलाई सुदृढ गर्न एक महिने अभियान चलाइने बताए। उनले भने, "राष्ट्रिय जागरण अभियान सञ्चालन गर्दैछौँ। पूर्वदेखि पश्चिमसम्मको तराई-मधेशलाई समेटेर एउटा अभियान चल्नेछ। हिमाल, पहाड र तराई-मधेशलाई जोडेर उत्तर-दक्षिणका भूगोल जोडेर अभियान चलाइन्छ।"

गण्डकी प्रदेशमा माओवादीले नेतृत्व लिने सम्भावना रहेको उनले बताएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ। प्रधानमन्त्रीले भने, "गण्डकी प्रदेश सरकारका बारेमा पनि हामी छलफल गर्दैछौँ। प्रदेशमा सरकार गठनका लागि गृहकार्यमै छौँ। त्यो टुङ्ग्याएपछि एउटा निष्कर्षमा पुग्नेछौँ ।"

केन्द्रमा नयाँ गठबन्धन बन्नुमा संविधानको रक्षा र सुदृढीकरण र वामपन्थी आन्दोलनको रक्षा नै मुख्य विषय भएको प्रधानमन्त्रीले स्पष्ट गरे। उनले भने, "कम्युनिस्ट आन्दोलन विभाजित हुँदा राष्ट्रिय राजनीतिमा प्रतिगामी धारा बलियो हुँदै जान्छ। त्यसले व्यवस्थामाथि नै सङ्कट ल्याउँथ्यो । त्यो चुनौती पार गरिएको छ। देशको राजनीति सही बाटोमा आएको छ।"

# 'एक घण्टाभित्रमा श्रम स्वीकृति दिने व्यवस्था गर'

**टुडे समाचारदाता**

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले एक घण्टाभित्रमा श्रम स्वीकृति दिने गरी वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) को सुधार गर्न निर्देशन दिएका छन् ।



आइतबार फेमिस प्रणाली आपूर्तिकर्ता, मन्त्रालयको सूचना प्रविधि शाखा र परामर्शदातासँग छलफल गर्दै मन्त्री अर्यालले आगामी शुक्रबारदेखि एक घण्टाभित्र श्रम स्वीकृति दिने गरी प्रणालीको सुधार गर्न निर्देशन दिएको उनको सचिवालयले जनाएको छ।

वैदेशिक रोजगारीको काम कारबाहीलाई प्रविधिमैत्री बनाउन वैदेशिक रोजगार विभागले फेमिस प्रणाली प्रयोगमा ल्याएको हो तर सो प्रणालीमा आउने समस्याका कारण श्रमिकले समयमै श्रम स्वीकृति नपाउँदा थप आर्थिक भार खेप्नुपरेको गुनासो छ । यसै समस्यालाई समाधान गर्न मन्त्री अर्यालले फेमिस प्रणालीमा तत्काल सुधार गर्न निर्देशन दिएको जनाइएको छ।

मन्त्री अर्यालले संसारको कुनै पनि कुनाबाट श्रम स्वीकृतिका लागि श्रमिकले आवेदन दिँदा एक घण्टाभित्रमा श्रम स्वीकृति दिन सक्ने गरी प्रणाली सुधार गर्न निर्देशन दिए ।

"तपाईंहरुले काम गर्न सक्नुहुन्छ भने गर्नुहोस् अन्यथा अन्य विकल्प खोजेर भए पनि एक महिनाभित्रमा एक घण्टामा श्रम स्वीकृति दिन सक्ने गरी फेमिस प्रणालीको सुधार गर्नेछु", उनले भने । मन्त्रालयको सूचना प्रविधि परामर्शदाताले विगत एक सातादेखि फेमिस प्रणालीको निगरानी गरिरहेको छ।

फेमिस प्रणालीको सफ्टवेयरको आपूर्तिकर्ता ई-बीमा कम्पनी हो भने हार्डवेयर आपूर्तिकर्ता दृष्टि टेक कम्पनी हो।

सन् २०१६ मा विभागले वैदेशिक रोजगारीमा जाने श्रमिकको तथ्याङ्क राख्न, अनलाइन टोकन र श्रम स्वीकृति प्रदान गर्नका लागि सफ्टवेयर खरिद गरेको थियो।

# 'संसदीय दलको निर्णय फिर्ता हुँदैन' : नागरिक उन्मुक्ति पार्टी

**टुडे समाचारदाता**

सुदूरपश्चिम । नागरिक उन्मुक्ति पार्टी, सुदूरपश्चिम प्रदेशसभा संसदीय दलले प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहलाई दिएको समर्थन यथावत् राख्ने निर्णय गरेको छ । धनगढीमा आइतबार बसेको संसदीय दलको बैठकले प्रदेश सरकारमा आफूहरु पनि सहभागी रहेकाले समर्थन यथावत् राख्ने निर्णय भएको बैठकपछि सो पार्टीका संसदीय दलका नेता एवं आर्थिक मामिलामन्त्री घनश्याम चौधरीले जानकारी दिए।




उनले भने, "अहिलेकै सरकारलाई विश्वासको मत दिन्छौँ, संसदीय दलको निर्णय फिर्ता हुँदैन ।" पत्रकारको प्रश्नमा उनले केन्द्रमा एउटा गठबन्धन र प्रदेश तहमा त्यस विपरीतको अर्कै गठबन्धनलाई सहयोग गर्ने विषय नेपालमा नयाँ अभ्यास हुनसक्ने बताए।

अर्को प्रसङ्गमा उनले नागरिक उन्मुक्ति जनताको लागि जन्मिएको पार्टी भएकाले जनभावनाअनुसार जाने र केन्द्रमा पार्टीका संरक्षक र पार्टीका अध्यक्षबीच भएको भनिएको मतभेदले पार्टी नफुट्ने बताए।

प्रदेशसभामा चौथो ठूलो शक्ति सो पार्टीका सुदूरपश्चिम प्रदेशसभामा सात सदस्य छन् । संसदीय दलको बैठकमा दुईजना अनुपस्थित रहेका थिए । काठमाडौँमा रहनुभएका दुईजना स्वास्थ्यका कारण आइतबारको बैठकमा उपस्थित हुन नसक्नु भएको नेता चौधरीले जानकारी दिए। प्रदेशमा सरकार गठनका लागि निर्णायक देखिएको नागरिक उन्मुक्ति पार्टीको संसदीय दलको बैठकको निर्णयसँगै प्रदेशमा नयाँ फेरिएको गठबन्धन दललाई सरकार गठन गर्न तत्काल कठिन देखिएको छ।

नेपाली कांग्रेस संसदीय दलका नेता एवं मुख्यमन्त्री शाहलाई पनि बहुमत कायम राख्नुपर्ने चुनौती यथावत् छ। फेरिएको नयाँ गठबन्धनमा सहभागी नेपाली कम्युनिष्ट पार्टी ९एमाले०का १०, नेपाल कम्युनिष्ट पार्टी ९माओवादी केन्द्र०का सभामुखसहित ११ र नेपाल कम्युनिष्ट पार्टी ९एकीकृत समाजवादी०का चार प्रदेशसभा सदस्यले मात्र सरकार गठनमा बहुमत पुग्दैन । प्रदेशसभा नेपाली कांग्रेसका १८, नागरिक उन्मुक्तिका सात, राष्ट्रिय प्रजातन्त्र पार्टी ९राप्रपा०का एक र एक स्वतन्त्र सदस्य हुनुहुन्छ। एक पद रिक्त छ।

कूल ५३ सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा सरकार गठनका लागि २७ सदस्यको समर्थन चाहिन्छ । नयाँ गठबन्धनलाई बहुमत पुऱ्याउन सभामुखबाहेक थप तीन सदस्य अपुग देखिएको छ। नागरिक उन्मुक्तिकै सहयोग रहे पनि मुख्यमन्त्रीको पक्षमा बहुमत पुग्दैन । प्रदेशसभाको यस्तो गणितमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने राप्रपा एक र स्वतन्त्र एक सदस्यले मत दिएमा मात्रै मुख्यमन्त्रीलाई विश्वासको मत प्राप्त हुन्छ। स्वतन्त्र र राप्रपाका सदस्यले मुख्यमन्त्रीलाई समर्थन गर्ने अश्वासन दिएको दाबी गरिएको छ।

सो पार्टीका संरक्षक रेशमलाल चौधरी प्रदेश सरकारलाई समर्थन कायम राख्नुपर्ने पक्षमा हुनुहुन्छ भने अध्यक्ष रञ्जिता श्रेष्ठ केन्द्रमा बनेको नयाँ गठबन्धनमै सहभागी हुनुपर्ने अडानमा रहेको बताइन्छ। सङ्घीय सरकारलाई समर्थन गर्ने वा नगर्ने विषयमा पनि दुईजनाबीच एकमत हुन सकेको थिएन । अध्यक्ष एवं सांसद श्रेष्ठसहितले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का पक्षमा विश्वासको मत प्रदान गरेका थिए । पार्टीका अध्यक्ष श्रेष्ठले प्रदेश सरकारबाट तत्काल बाहिरिन सुदूरपश्चिम प्रदेशको संसदीय दललाई निर्देशन दिएका थिए तर प्रदेशसभामा संरक्षक पक्षधर सदस्यको बहुमत हुँदा अहिलेसम्म अध्यक्षको निर्देशन पालन भएको छैन।

# सैनिक कल्याणकारी कोषमा ८२ अर्बभन्दा बढी रकम

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली सेनाको सैनिक कल्याणकारी कोषमा ८२ अर्बभन्दा बढी रकम जम्मा भएको छ। प्रधान सेनापति प्रभुराम शर्माका अनुसार विसं २०८० पुस मसान्तसम्म रु ८२ अर्ब ६६ करोड १२ लाख जम्मा भएको हो।



सैनिक मञ्च टुँडिखेलमा नेपाली सेना कल्याणकारी बोर्डको संयोजन तथा नेपाली सेना जङ्गी अड्डाको व्यवस्थापनमा आइतबार आयोजित कार्यक्रममा उनले करिब १० लाख हिताधिकारीमार्फत कोषमा ८२ अर्बभन्दा बढी रकम जम्मा भएको जानकारी दिए।

उनले विसं २०८० असार मसान्तसम्म रु ७१ अर्ब पाँच करोड ६१ लाख रहेकामा सो रकम वृद्धि भई पुस मसान्तसम्म कोषको कूल रकम ८२ अर्ब ६६ करोड १२ लाख पुगेको जानकारी दिए।

कल्याणकारी कार्य सोही कोषको ब्याजबाट सञ्चालन हुँदै आएको पनि उनले उल्लेख गरे।

सैनिक कल्याणकारी कोषमा हरेक वर्ष करिब रु छदेखि आठ अर्ब खर्च भइरहेको जानकारी दिँदै प्रधान सेनापति शर्माले कोषमा ठूलो रकम देखिएता पनि एकै पटक रकम उपलब्ध गराउन कठिन भइरहेको बताए।

प्रधानसेनापति शर्माले कोषलाई कालान्तरसम्म दिगो राख्न आयआर्जनलाई विस्तार गर्न जरुरी रहेको र यस विषयमा सरकारका सम्बद्ध निकायमा कुरा राखिएको उनले जानकारी दिए।

उनले अवकाशप्राप्त सकल दर्जालाई एकै ठाउँमा भेटघाटका साथै बहालवाला र अवकाशप्राप्त सैनिकबीच सामीप्यताको भावना जागृत गराउन सेनाले विविध कल्याणकारी कार्यक्रम गर्दै आएको उल्लेख गरे।

प्रधानसेनापति शर्माले सैनिकको देश, समाज र जनताप्रति उत्तिकै जिम्मेवारी रहेको भन्दै राष्ट्रलाई आइपरेका जुनसुकै विपद् र महामामा राष्ट्रभावका साथ स्वतस्फूर्त सक्रिय भएर भूमिका निर्वाह गर्न तत्पर हुनुपर्ने धारणा राखे।

उनले भने, "राज्यका लागि तपाईंहरु हिजोका दिनमा जति महत्वपूर्ण थिए, आज अवकाशप्राप्त जीवनमा पनि उत्तिकै महत्वपूर्ण सम्पत्तिका रुपमा छन्।

विभिन्न प्रकारका विपद्, महामारीलगायत राष्ट्रिय सङ्कटमा आवश्यक योगदान गर्न तयार रहेका छन् र भविष्यमा पनि तयार रहनेछ भन्ने विश्वास लिएको छ।"

सैनिक कल्याणकारी कोषका प्रमुख कार्यकारी अधिकृत अवकाशप्राप्त रथी गौरव तण्डुलले अवकाशपछिको जीवन एकापसमा भेटघाट, सुख-दुःख बाँड्न र अपनत्वको भावना विकास गराउन सम्मेलनले महत्वपूर्ण भूमिका रहने बताए।

उनले सैनक कल्याणकारी कोषमार्फत हिताधिकारीहरु लक्षित गरी विभिन्न कल्याणकारी कार्यक्रमहरु सञ्चालन भइरहेको र उक्त रकमलाई आयमूलक क्षेत्रमा लगानी गरी शिक्षा, स्वास्थ्य, सीप तथा स्वरोजगार र सुविधा तथा सहुलियतलाई क्रमशः विस्तार तथा सेवामुखी बनाउन कल्याणकारी बोर्ड तथा सैनिक कल्याणकारी निर्देशनालयले नयाँ चिन्तनका साथ भूमिका निर्बाह गर्दै आएको जानकारी दिए।

कार्यकारी निर्देशक तण्डुलले 'स्वरोजगारका लागि सहुलियतपूर्ण कर्जा कार्यक्रम तथा व्यावसायिक सीप विकास कार्यक्रम' अवकाश प्राप्त सैनिक र परिवारमा लोकप्रिय रहेको बताए।

उनका अनुसार सहुलियतपूर्ण कर्जा कार्यक्रमबाट हालसम्म अवकाश प्राप्त तथा एकल महिलातर्फ २३ हजार ५८ र बहालवालातर्फ नौ हजार नौ सय ८५ गरी कूल ३३ हजार ४३ जनाले रु सात अर्ब ४५ करोड ७७ लाख ७५ हजार सुलभ व्याज दरमा कर्जा सुविधा हासिल गरेका छन् जसमध्ये महिला उद्यमशीलता कर्जातर्फ मात्र हालसम्म अवकाश प्राप्त सैनिकका परिवार तथा एकल महिलातर्फ एक हजार नौ सय ४७ र बहालवाला सैनिकका परिवारतर्फ एक हजार एक सय ६५ जना गरी जम्मा तीन हजार एक सय १२ जनाले रु दुई अर्ब ४६ करोड ६४ लाख ३० हजार कर्जा सुविधा लिइरहेका छन्।

सेनाले गरिरहेका विभिन्न काम, कारबाहीका बारेमा अवकाश प्राप्त सैनिकहरुलाई जानकारी गराउने तथा भूपूसैनिक र उनीहरुका परिवारको हितका लागि भएका कार्यक्रमको जानकारी गराउने उद्देश्य साथ भूपूसैनिक सम्मेलन गरिँदै आएको सेनाले जनाएको छ।

'भूतपूर्व सैनिक सम्मेलनको अभिलाषा-सेनाप्रतिको समर्पण र भरोषा' भन्ने मूल नाराका साथ आयोजित सम्मेलनमा विभिन्न जिल्लाबाट अवकाश प्राप्त सकल दर्जाको उपस्थिति थियो।

सो सम्मेलनमा एकै परिवारबाट चारजनाभन्दा बढी सन्तानले नेपाली सेनामा सेवा गरेका आमा-बुबालाई सम्मान गरिएको थियो।

कार्यक्रममा नेपाली सेनाद्वारा विविध सांस्कृतिक प्रस्तुति गरिएको थियो।

# सुष्मा लामाको हत्यामा संलग्न आरोपी सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । काठमाडौँको गोकर्णेश्वरनगरपालिका-३ तारेभीर स्थित शिवपुरी राष्ट्रिय निकुञ्जको जङ्गलमा खाल्डो खनेर पुरेको अवस्थामा मृत फेला परेकी १८ वर्षीया सुष्मा लामाको हत्यामा संलग्न आरोपीलाई प्रहरीले आइतबार सार्वजनिक गरेको छ।




काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले हत्यामा संलग्न रहेको अभियोगमा गोकर्णेश्वर-३ बस्ने २१ वर्षीय रुपेन्द्र लामालाई शुक्रबार राति पक्राउ गरी आज सार्वजनिक गरेको हो । कक्षा १२ मा अध्ययनरत सुष्मालाई हत्या गरेर गाडेको अवस्थामा गत फागुन २५ गते प्रहरीले शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्रको तारेभिरबाट शव उत्खनन गरेको र शव फेला परेको सम्बन्धमा उपत्यका अपराध अनुसन्धान कार्यालयको विशेष टोली खटिएको थियो।

अभियुक्तको पहिचान तथा खोजतलास गरी नियन्त्रणमा लिई थप अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त बौद्ध पठाइएको उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले जानकारी दिए । उनका अनुसार प्रेम प्रस्ताव अस्वीकार गरेपछि आरोपीले सुष्माको हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । सुष्मा बूढानीलकण्ठस्थित बूढानीलकण्ठ माविमा अध्यनरत रहेकी र सुष्मालाई पछाडिको भागबाट घाँटीमा अँठ्याएपछि पनि रुपेन्द्रले प्रेम प्रस्ताव गरेको अनुसन्धानमा संलग्न प्रहरी नायब उपरीक्षक डिएसपी अनिल घिमिरेले बताए।

उनका अनुसार सुष्माले प्रयोग गर्ने मोबाइल नंबाट निजकी दिदी नाता पर्ने बिन्दा तामाङले प्रयोग गर्ने नम्बरमा विभिन्न म्यासेज गरेको खुलेको छ। गोकर्णेश्वर-३ स्थित जङ्गलमा (मृतकको घरबाट करिब एक किमी टाढा, स्कुल जाने बाटोबाट करिब १० मिटर तल) दुई हात मात्र देखिएको शरीरको अन्य भाग पुरिएको अवस्थामा शव भेटिएको प्रहरीले जनाएको छ।

यसैगरी, रुपेन्द्रले मृतक सुष्मा लामालाई विगत आठ महिनादेखि मन पराउँदै आएको र निजहरु दुवैजना घाँस काट्न, बाख्रा चराउन जङ्गलमा विगत १/२ वर्षदेखिसँगै जाने आउने गरेको तथा निजहरुबीच फोन सम्पर्क एवं कुनै पनि सामाजिक सञ्जालमा कुराकानी नहुने गरेको र भेटका बेला मात्र कुराकानी हुने गरेको खुलेको छ।

रुपेन्द्रले सुष्मालाई एकतर्फी माया गर्ने गरेको र पटक पटक प्रेम प्रस्ताव राखेको तर सुष्माले अस्वीकार गरेको तथा निजले मृतकलाई आठ दिनसम्म बाटोमा ढुकेर बसेको भन्ने बुझिन आएको प्रहरीले जनाएको छ । सुष्माको बाटो छेकी प्रेम प्रस्ताव राखेकामा उनले इन्कार गरेकाले पछाडिबाट घाँटी थिची अचेत बनाई टाई र जुत्ताको तुनाले घाँटीमा कसेको तथा हातलाई निजकै कम्मर पेटीले बाँधी कुटोले खाल्डो खनी पुरेको प्रहरीले जनाएको छ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# नेपाल सरकारले पनि पहल गर्नुपर्छ

त्रेता युगदेखि नेपालको जनकपुरधाम र भारतको अयोध्याबीच सम्बन्ध रहेको छ। नेपाल र भारत अस्तित्वमा नरहेको बखत पनि दुई राज्य मिथिला र अयोध्याबीचको सम्बन्ध अत्यन्त प्रगाढ थियो। भारत सरकारले रामायण सर्किटमा जनकपुरधामलाई पनि समावेश गरेको छ। पछिल्लो समय अयोध्यामा भगवान रामको मन्दिर निर्माण र प्राण प्रतिष्ठाले जनकपुरधामको महत्वलाई झन बढाएकोछ । अयोध्याधामको दर्शन गरे पनि जनकपुरधामको दर्शन नगरे सम्म यात्रापूर्ण हुँदैन् । त्यसैगरि जनकपुरधामको दर्शन गर्नेहरुका लागि अयोध्याधामको दर्शन पनि अनिवार्य छ । दुबै धामको दर्शनपछि मात्र सीताराम भगवानको दर्शन पूर्ण हुन्छ । जनकपुरधामको महत्वलाई बुझ्केको भारत सरकारले अयोध्यालाई गोरखपुर हुँदै जनकपुरधामलाई रेलमार्गबाट सोझै जोड्ने काम थालेको छ । रामायण सर्किटमा चल्ने भारत दर्शन रेल हाल सीतामढी सम्म मात्र आउने गरेको छ । सीतामढीबाट बसले श्रद्धालुहरु जनकपुरधाम सम्म आउने गरेका छन् । अयोध्याधामलाई जनकपुरधामसित जोडन गोरखपुर हुँदै रेल जनकपुरधामसम्म नै आउनेछ । रेल नै सोझै जनकपुरधाम आउन थालेपछि सीतामढीबाट जनकपुरधाम सम्मको ५० किलोमिटर बस यात्रा बन्द हुनेछ । आरामसित रेलबाट जनकपुरधाम आउने छन् । बसबाट आउँदा पनि एक राति जनकपुरधाममा बस्ने गरेका भारतीय हिन्दू श्रद्धालुहरु रेलबाट आउँदा पनि एकराति बस्ने छन् । रेलमार्गबाट जनकपुरधाम र अयोध्याधाम जोडिने बितिकै दुवै सहरमा श्रद्धालुहरुको भीड व्यापक बढनेछ । जनकपुरधाम सम्म रेल मार्ग छ । सीतामढी हुँदै जयनगर भएर जनकपुरधाम रेल सहजै आउन सक्छ । यसका लागि नेपाल सरकारले पनि पहल गर्नु आवश्यक छ । जनकपुरधामकै भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुबीर महासेठ सरकारमा अत्यन्त प्रभावशाली पनि छन् । प्रधानमन्त्री पछिको वरियतामा उपप्रधानमन्त्री रहेका नेता महासेठले भारतीय पक्षसित सोझै पनि संवाद गर्न सक्छन् । भारतीय रेल सञ्जालमा जनकपुरधाम जोडिएसँगै हालको भन्दा कयौं गुणा बढी तिर्थ यात्रीहरु आउने छन् । भारत सरकारले जनकपुरधामलाई रेलमार्गबाट अयोध्या सम्म जोडन गरेको प्रयासमा नेपालले पनि चासो लिनु पर्छ । मन्त्री महासेठले यस तर्फ विशेष चासो लिएर कामलाई अगाडि बढाउन भारतीय समकक्षी सित सम्पर्क गर्नु उपयुक्त हुनेछ । उनी नै भौतिक पूर्वाधार र यातायात मन्त्री रहेका बेला जनकपुरधाममा सञ्चालन भइरहेको रेल किनिएको थियो । अहिले जनकपुरधाम र अयोध्याधामबीच रेल सञ्चालन गराउने मौका पनि मन्त्री महासेठलाई मिलेको छ । यो अवसरलाई सदुपयोग गर्नु पर्छ । भारतीय प्रयासमा नेपाली पनि जोडिए काम चाँडो पूरा हुनेछ । जनकपुरधाम र अयोध्याबीच सञ्चालन भएर बन्द भइसकेको बस सेवालाई पनि पुनःसञ्चालनको प्रयास हुनुपर्छ ।

# अख्तियार राजनीतिक प्रतिशोधको औजार भयो

**राधेश्याम अधिकारी**

निर्वाचनका क्रममा हरेक दल जनतामाझ जाँदा जुन घोषणापत्रका आधारमा मत माग्छन्, त्यहाँ उनीहरूले 'हामी जनतालाई सुशासन दिन्छौं, भ्रष्टाचारको न्यूनीकरण गर्छौं' भनेका हुन्छन् । जनताबाट चुनिएकाहरू नै सांसद बन्छन्, प्रतिनिधिसभाले नै सरकार निर्वाचित गर्छ । यसरी भ्रष्टाचारको विपक्षमा अथवा सुशासनको पक्षमा उभिने मूल व्यक्ति नै मुलुकको प्रधानमन्त्री हुने हो ।

प्रधानमन्त्रीले दृढताका साथ 'म भ्रष्टाचार गर्दिनँ, सुशासनको पक्षमा उभिन्छु' भनेमा अख्तियारको काम स्वतः कम भएर जान्छ । त्यसका लागि सरकारले कानुन आवश्यक परे प्रतिनिधि सभामा विधेयक पेश गरिदिनुपर्छ । त्यसले नियामक निकायहरूलाई बलियो बनाउँछ ।

उदाहरणकै लागि, बैंकभित्र हुने गलत क्रियाकलाप रोक्नु छ भने नेपाल राष्ट्र बैंकको नियमनकारी संयन्त्रलाई बलियो बनाइदिनुपर्छ । राजस्व चुहावट नियन्त्रण गर्नु छ भने राजस्व सम्बन्धी कानुनमा भएका छिद्रहरू कम गर्नुपर्छ । त्यसैगरी सम्पत्ति शुद्धीकरण सम्बन्धी कानुन बलियो बनाउनुपर्छ ।

कार्यपालिकाले आफ्ना नियामक संस्थालाई सक्रिय र प्रभावकारी बनाउनुपर्छ । प्रयास गर्दागर्दै पनि तिनले सुधार्न सकेनन् र छिटफुट भ्रष्टाचार हुन्छ भने त्यस्तो अवस्थामा मुद्दा चलाउने निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई जिम्मेवारी दिने हो ।

त्यसैले मुलुकको सारा भ्रष्टाचार नियन्त्रणको जिम्मेवारी अख्तियारलाई सुम्पिने र उसले नै सुशासन कायम गर्नेछ भनेर सत्तामा रहेकाहरूले केही गर्नै पर्दैन भन्ने ठान्ने दृष्टिकोण नै दोषयुक्त हो ।

जननिर्वाचित प्रधानमन्त्रीलाई 'म मुलुकको भ्रष्टाचार रोक्छु' भन्ने अधिकार रहन्छ । त्यसैले मुलुकको भ्रष्टाचार नियन्त्रण र सुशासनको जिम्मेवारी प्रधानमन्त्रीले लिनुपर्ने हुन्छ । सरकारले संसद्बाट कानुन बनाउन सक्छ, नियमहरू बनाउन सक्छ । भ्रष्टाचार नियन्त्रणका लागि आवश्यक पर्ने औजारको निर्माण र प्रयोग गर्न सक्छ । ती औजारहरूलाई आफ्नै अधीनमा राखेर काम गर्न सक्छ ।

सुशासनका निम्ति काम गर्नका लागि कानुन बमोजिम स्थापना भएको राष्ट्रिय सतर्कता केन्द्र छ, जुन प्रधानमन्त्री कार्यालय मातहत रहन्छ । राष्ट्रिय सतर्कता केन्द्रलाई जति प्रभावकारी बनायो, त्यति नै सरकार सुशासनको पक्षमा रहेको सन्देश जान्छ ।

उसले आवश्यकता अनुसार, सरकारी निकायहरूमा भएको गलत कामहरूको निगरानी गर्न सक्छ । त्यो निकायले अरू कसैले असल नियतबाट कुनै काम भएको देखेमा त्यसको अध्ययन र विश्लेषण गरी प्रोत्साहन पनि गर्न सक्छ ।

### अख्तियारको विगत

२०१७ सालको 'कु' पछि २०१९ सालमा पञ्चायती व्यवस्था सुरुवात भयो । शासकहरू पञ्चायती व्यवस्था चलाउँदै अघि बढिरहेका थिए । बिस्तारै मानिसहरूमा उकुसमुकुस बढ्न थाल्यो । जो मानिसहरू पञ्चायत व्यवस्था स्वीकार गर्दैनथे, उनीहरूलाई तह लगाउन 'अराष्ट्रिय तत्व' भनिदिए पुग्थ्यो ।

तर, पञ्चायतभित्रकै मानिसहरू पनि एकअर्कासँग प्रतिस्पर्धा गरेर आएका थिए । तत्कालीन दरबारले उनीहरूमध्ये केहीलाई 'दख्खल अन्दाजी' गर्नुपर्ने भयो । दरबारले 'तिमीहरूले गल्ती गर्यौ भने अख्तियारको अस्त्र लगाएर म सजाय गर्छु' भन्ने सोच अघि सार्यो ।

त्यही पृष्ठभूमिमा २०३२ सालमा पञ्चायती व्यवस्थाभित्रकै विपक्षीहरू तह लगाउने औजारको रूपमा अख्तियार भन्ने निकायको जन्म भएको हो । त्यसको निशानामा भेषबहादुर थापा, नरकान्त अधिकारी, लोकबहादुर श्रेष्ठ, कुलशेखर शर्मा, हर्क गुरुङ लगायत तत्कालीन प्रशासकहरू परे, केहीले पछि सफाइ पाए ।

स्थापनाकालमा भ्रष्टाचारको अनुसन्धान गर्ने निकाय पनि ऊ आफैं थियो, अभियोग लगाउने पनि ऊ भइहाल्यो । अन्तिममा उसैले नै त्यो मुद्दामा न्याय निरुपणको काम पनि गर्थ्यो । १९ माघ २०६१ पछि राजा ज्ञानेन्द्रको सक्रिय शासनकालमा ठिक त्यस्तै शैलीको शाही आयोग गठन भएको थियो । यसरी थाहा हुन्छ कि प्राकृतिक न्यायको आधारभूत मान्यता विपरीत पञ्चायतकालमा अख्तियार खडा गरिएको थियो ।

त्यसलाई सुधार्ने क्रममा अख्तियारको फैसला चित्त नबुझे त्यसमाथि पुनरावेदन सुन्ने अर्को अदालत राखिएको थियो । त्यो अदालतको पहिलो न्यायाधीश विश्वनाथ उपाध्याय हुनुहुन्थ्यो, जो पछि प्रधानन्यायाधीश पनि बन्नुभयो ।

२०४६ सालको जनआन्दोलनपछि अरू कैयौं विषय परिवर्तन भए । तर, अख्तियार भन्ने निकाय कायमै रह्यो । अब प्रजातान्त्रिक सरकार आयो, अख्तियारबाट त्यस्तो के नै प्रतिशोधपूर्ण व्यवहार होला र भनेर त्यसबेला त्यो निकाय यथावत् राखेको हुनुपर्छ ।

मुलुकमा भ्रष्टाचार बढेको, शासन व्यवस्थामा विकृति फैलिएको गुनासोका बीचमा कृष्णप्रसाद भट्टराई नेतृत्वको सरकारले २०५६ सालमा एउटा कार्यदल बनायो । भ्रष्टाचार नियन्त्रणका लागि गर्नुपर्ने नीतिगत सुधारका विषयमा सुझाव दिने उद्देश्यले उक्त कार्यदल बनेको थियो । अधिवक्ता महादेवप्रसाद यादवको संयोजकत्वमा म समेत रहेको कार्यदलमा वीरेन्द्रबहादुर सिंह, श्रीहरि अर्याल, राधारमण उपाध्याय लगायत व्यक्ति सदस्य र भोजराज पोखरेल सदस्य सचिव हुनुहुन्थ्यो ।

त्यो समितिले दिएको प्रतिवेदनमा मुख्य गरी गैरकानुनी सम्पत्ति आर्जनको आशंका लागेका र सार्वजनिक पदमा बसेकाहरूमाथि छानबिन गर्न पाउने अधिकार थप्नुपर्ने प्रस्ताव थियो । प्रतिवेदनका आधारमा सरकारले २०५९ सालमा भ्रष्टाचार नियन्त्रण सम्बन्धी केही कानुनको मस्यौदा बनायो । यसरी कानुनतः भ्रष्टाचारमाथि मात्रै अनुसन्धान गर्न सक्ने अख्तियारले गैरकानुनी सम्पत्ति आर्जनको विषय पनि हेर्न पाउने भयो ।

कुनै पनि सार्वजनिक पदमा भएका व्यक्तिले गरेको भ्रष्टाचारको पुष्टि गर्नु कठिन काम हो । तर, भ्रष्टाचारबाट उसको सम्पत्ति बढेको बढ्यै हुन्थ्यो । कसैको पनि सम्पत्ति अस्वाभाविक रूपमा बढिरहेको छ भने त्यसको अनुमानका लागि आधारभूत मापदण्ड बनाइदिनुपर्ने कुरा त्यसबेला आएको थियो ।

ऐन जारी भएपछि हरेक सार्वजनिक पदमा रहेकाहरूले सम्पत्तिको स्वघोषणा गर्नुपर्ने व्यवस्था थपियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा केही संशोधन मार्फत यी कुरा राख्न खोजिएको थियो । २०५९ सालमा जारी भएको भ्रष्टाचार निवारण ऐन भने आफैंमा नयाँ थियो ।

त्यतिबेला अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सूर्यनाथ उपाध्याय प्रमुख आयुक्त हुनुहुन्थ्यो । अख्तियारबाट हामीलाई त्यो ऐनमा सम्पत्ति छानबिनको विषयलाई पश्चातदर्शी असर पनि हुने व्यवस्था गरिदिनुपर्यो भन्ने माग आएको थियो । त्यसो गर्नु आज जारी भएको ऐनका आधारमा हिजोको अपराधमाथि पनि छानबिन गर्न पाइने भन्ने अर्थ हुन्थ्यो ।

जुन बेलामा कानुन नै बनेको छैन, हुँदै नभएको कसुरका सन्दर्भमा पछि बनेको कानुनले कसैलाई छानबिनको दायरामा ल्याउनु उचित हुँदैन भनेर हामीले प्रतिवाद गर्यौं । हामीले गर्न लागेको काम हिजोको 'विच हन्टिङ' होइन । मान्छेको पिछा गरेर यसलाई सिध्याउनै पर्छ भन्ने उद्देश्यले गरिने काम (विच हन्टिङ) उचित होइन भनेर हामीले प्रतिवाद गरेका थियौं ।

### अपनाएको गलत बाटो

२०५९ सालमा भएको संशोधनको मितिदेखि नै सुशासनको लागि काम गरेको भए पनि त राम्रै हुन्थ्यो । प्रचलित कानुन अनुसार नै दण्डित हुने विषयमा हाम्रो आपत्ति थिएन तर सम्पत्तिको सन्दर्भमा पश्चातदर्शी असर दिन गरिएको आग्रह हामीले मानेनौं, रोक्यौं ।

संशोधित कानुनमा नै ऐन लागू भएको १२० दिन भित्रमा हरेक राष्ट्रसेवकले आफ्नो सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था छ, तर त्यसलाई लत्याइयो । संसद्बाट पारित भएको विधेयकमा राति ११ बजे राजदरबारमा लालमोहर लाग्यो, बिहान ४ बजे राजस्व समूहका २१ जना कर्मचारीको घरमा अख्तियारले छापा हान्यो ।

राजनीतिक रूपमा सुशासनको सन्देश प्रवाह गर्न सुरुमै राजस्वका कर्मचारीहरूलाई प्राथमिकतामा राखियो र उनीहरू पक्राउ परे । त्यो दिनको घटना नै अख्तियार दुरुपयोगको पहिलो नमूना थियो । त्यही बेला मैले भनेको थिएँ, 'अब यो कानुनको दुरुपयोग सुरु भयो ।'

मुलुकमा प्रजातन्त्र आएपछि २०५९ सालसम्म राजनीतिक दलहरू सक्रिय त थिए, तर यिनीहरू निकै अलोकप्रिय भइसकेका थिए । अनेक काण्ड र विकृतिका कारण यिनीहरूको लोकप्रियता घट्दो थियो । त्यसैलाई आधार बनाएर दरबारले अख्तियारलाई अस्त्रको रूपमा प्रयोग गर्यो । त्यसक्रममा विभिन्न राजनीतिक दलका नेताहरूमाथि प्रयोग सुरु भयो ।

मुलुकको भ्रष्टाचार नियन्त्रण गर्ने प्रमुख जिम्मेवारी प्रधानमन्त्रीको हो । संविधान अनुसार प्रधानमन्त्रीले सुशासनको जिम्मेवारी बोकेको हुन्छ । प्रधानमन्त्रीले संसद् मार्फत भ्रष्टाचार नियन्त्रण गर्ने औजारहरू बनाएर त्यसको प्रयोग गर्नुपर्छ ।

त्यतिबेला सबैभन्दा बढी समय सत्तामा कांग्रेस थियो, कांग्रेसका मन्त्रीहरू निशानामा परे । त्यतिबेला विभिन्न धारका राजनीतिक दलहरूमध्ये पनि एउटा दलको एउटा धारमाथि मात्रै प्रहार भयो । सबैतिर आक्रमण गरेको भए दरबार आफैं पनि अप्ठेरोमा पर्ने अवस्था हुनसक्थ्यो ।

प्रहारमा परेका पात्र ठिक वा बेठिक भन्ने आ-आफ्नो दृष्टिकोण हुन सक्ला । तर जो शक्तिशाली थियो, उसैलाई बदनाम गरेर आफ्नो गुमेको शक्ति फर्काउने उद्देश्यमा दरबार लाग्यो । अर्कोतर्फ त्यतिबेला दरबारसँग कांग्रेस नै बढी जुधिरहेको थियो ।

हरेक व्यक्ति, निकाय र त्यसको नेतृत्वका आफ्नै सीमा हुन्छन् । बीपी कोइरालाले सुन्दरीजल बन्दीगृहमा बस्दा जेल जर्नलमा यस सम्बन्धी प्रसंगको व्याख्या छ । बीपीसँगको वादविवादमा दरबारको आदेश पाए जे पनि गर्न तयार हुने अभिव्यक्ति दिने सैनिक अधिकारी एउटा हदभन्दा अगाडि पुगेपछि रोकिन्छ र आक्रोश प्रकट गर्छ ।

त्यतिबेला पनि दरबारले अख्तियारलाई प्रयोग गर्ने प्रयास जारी राख्यो । तर, अख्तियारको नेतृत्व पनि विवेक शून्य थिएन । उसले प्रणालीगत रूपमा नै काम गरिरहेको थियो, दरबारलाई प्रणालीगत रूपमा काम गरेको मन परेको थिएन ।

दरबारले अख्तियार प्रयोग गरेर नेताहरूको सम्पत्ति छानबिन अघि बढाउन चाहेको थियो । सुरुमै गिरिजाप्रसाद कोइरालालाई प्रहार गर्ने उसको उद्देश्य थियो । अख्तियारले तत्काल यो काम अघि बढाउन सक्ने अवस्था थिएन ।

दरबारले सम्पत्ति जाँचबुझ आयोग गठन गर्यो । आयोगको प्रतिवेदन त्यतिबेलाको मन्त्रिपरिषद्ले अख्तियारलाई सुम्पियो । १७ नम्बरमा रहेका गिरिजाप्रसाद कोइरालाको फाइल सबैभन्दा पहिले खुल्यो । गिरिजाप्रसाद कोइरालालाई नै प्रहार गर्ने दरबारको लक्ष्य थियो ।

गिरिजाप्रसाद कोइरालाले राजनीतिका लागि जे गरे, त्यो आफ्नो ठाउँमा होला । तर, उनीसँग न बैंक खाता थियो, न घर थियो, पैतृक बाहेक केही थिएन । यत्ति हो, खर्चबर्च व्यवस्थापनको कारण उनले राजनीतिलाई महँगो बनाएका थिए ।

दरबारले गिरिजाप्रसाद कोइरालालाई 'यो भ्रष्ट हो' भनेर देखाउन प्रयास गर्यो तर केही पाएन । निश्चित राजनीतिक उद्देश्यका लागि त्यो काम गरिएको थियो । अख्तियारले पनि आफ्नो सीमा नाघ्न सकेन, एउटा हदभन्दा बढी गरेन । प्रमाण नभएपछि के गर्ने ?

माघ १९ मा शासनसत्ता आफ्नो हातमा लिएका राजा ज्ञानेन्द्रलाई शाही आयोग चाहिएको थियो, भक्तबहादुर कोइराला त्यहाँ जान तयार भए । त्यो बेला पनि संविधान बाँकी भएकाले अख्तियार बाहेकका निकायले भ्रष्टाचारको छानबिन गर्न मिल्दैनथ्यो ।

दरबारले सबै अधिकार भने भक्तबहादुरलाई सुम्पिएको थियो । अख्तियार र त्यहाँ गएका मानिसहरूको पनि एउटा सीमा हुने भएकाले उनीहरू दायरा नाघ्न तयार भएनन्, अनि दरबारलाई शाही आयोग चाहियो ।

कहिले कसका विरुद्ध को प्रयोग भयो भन्ने विषय गौण होला, तर अख्तियार अहिलेसम्म पनि राजनीतिक औजारकै रूपमा प्रयोग हुँदै आइरहेको छ । सूर्यनाथका पालादेखि लोकमानसिंह कार्की, उनीपछिका प्रमुखहरू आउँदा पनि अख्तियार राजनीतिक औजारका रूपमा प्रयोग भयो ।

न सत्तामा हुनेले आफ्नो प्रतिकूल व्यक्तिलाई अख्तियारमा सिफारिश गर्छ, न अख्तियार पुगेका व्यक्तिले सत्ता प्रतिकूलमा काम नै गर्छन् । हुँदाहुँदा अब त अख्तियारमा आफ्ना मान्छे लैजान संवैधानिक परिषदका पदाधिकारीहरूले भागबन्डा गर्न थाले । अख्तियारमा जान खोज्नेहरूले पनि आफूमाथिका छानबिन रोक्न र सफाइ पाउन लालायित भए । भनसुन गरेर नियुक्त भएपछि अख्तियारका पदाधिकारीहरू स्वतः कमजोर हुन्छन् । नियुक्त गर्नेहरूप्रति बफादार बन्छन् ।

अख्तियारमा जाने पदाधिकारीलाई सत्तामा रहेकाहरूले सुशासनका लागि त्यहाँ पठाएको हैन, आफूलाई केही अप्ठेरो नपरोस् भनेर पठाइरहेको देखिन्छ । सम्बन्धित दल वा प्रधानमन्त्रीले ' यो मानिस भए हामीलाई सजिलो हुन्छ' भन्ने हेतुले पठाएपछि ऊ उपयोग हुने परिस्थिति बन्नु स्वाभाविकै छ ।

# स्वदेशी उत्पादनको प्रवर्द्धनमा रमाउँदै दाहाल दम्पती

**विजेता कर्ण**

रैथाने उत्पादनमा धेरैले फाइदा देख्दैनन् । त्यसमाथि सातै प्रदेशका स्थानीय उत्पादनलाई एउटै बृहत् बजारको आकार दिनु र एकै ठाउँमा देशैभरका मौलिक स्वाद चखाउनु सजिलो पक्कै होइन । सुमन र राधिका दाहालको अथक प्रयासले स्वदेशी वस्तु र स्वादलाई स्थानीय क्षेत्रबाट उठाएर 'ब्राण्डिङ' गरिदिएको छ ।

सातै प्रदेशको स्वदेशी उत्पादनको बजार व्यवस्थापन र प्रवर्द्धनले व्यापारमा एउटा आशलाग्दो जग बसाउनुभएको छ दाहाल दम्पतीले । उहाँहरुले स्थानीय उत्पादनको व्यापारलाई दुई वर्षभित्रै करोडौंको बनाउन सफल हुनुभयो भने थुप्रैलाई रोजगारसमेत प्रदान गर्नुभएको छ । मनले आँटे देशमै रुपैयाँ फलाउन सकिन्छ भन्ने कुराको सबल उदाहरण हुन् दाहाल दम्पती ।

काठमाडौं कपनमा रु पाँच लाखको लागानीबाट सुरु भएको मौलिक भान्सा तथा मौलिक बजारसहितको व्यापार अहिले रु १५ करोड पुगिसकेको राधिका दाहाल बताउनुहुन्छ। उहाँ सुनाउनुहुन्छ, "व्यवसाय सुरु गर्दा श्रीमान्–श्रीमतीले काम गरेका थियौं । दुई वर्षमा २५ जनालाई रोजगारी दिन सफल भएका छौं", उहाँले भन्नुभयो, "मौलिक भान्सा र मौलिक बजारबाहेक हर्बल कस्मेटिक, अदुवा-लसुनको पेस्टसहितको उद्योगको राम्रो बजारीकरण सुरु गरेका थियौं । त्यसको कमाइले व्यवसाय बढाउन सकेका हौं ।"

### सात प्रदेशको स्वाद र उत्पादन

स्वदेशी तथा मौलिक उत्पादनको प्रवर्द्धन तथा बजार व्यवस्थापन गर्न सकिन्छ भन्ने सोच मौलिक बजारका अध्यक्ष सुमन दाहाललाई पाँच वर्ष अगाडि नै आएको थियो । सोही परिकल्पनाको आधारमा उहाँले 'मौलिक बजार कपन जाऔं, मौलिक भान्सामा रमाऔं, सात प्रदेशको परिकार खाऔं सात सय ५३ पालिकाको उत्पादन लैजाऔं' भन्ने मुख्य उद्देश्य साथ परियोजनाको खाका कोर्नुभएको हो ।

दाहालका अनुसार मौलिक बजारमा प्रत्येक साय सय ५३ पालिकाको नामकरण र एक उत्पादनको ब्राण्डिङ गर्नु यसको उद्देश्य हो । दाहाल भन्नुहुन्छ, "अवधारणा अलि अगाडि बनाए पनि कार्यान्वयन भएको दुई वर्षमात्रै भएको छ । एक स्थानीय तह एक उत्पादनको ब्राण्डिङ गर्ने अवधारणा राख्यौं । त्यसका लागि सात सय ५३ वटा खण्डहरु बनाएर प्रत्येक स्थानीय तहअनुसारको नामकरण गर्यौं र पालिकाहरुलाई आह्वान गर्यौं । एउटा पालिकाबाट एउटा उत्पादन ब्राण्डिङ्ग गरेर हामी बिक्रीवितरण गर्छौं भनेर अगाडि बढ्यौं । अहिले जम्मा तीन सय छ पालिकाको सामान यहाँ उपलब्ध छ । उहाँका अनुसार चाँडै सबै पालिकाबाट स्थानीय उत्पादन ल्याइनेछ ।"

सिन्धुपाल्चोक सुनकोसी गाउँपालिका-२ घर भएका सुमन दाहालले आयुर्वेद अध्ययन गर्नुभएको छ भने मण्डनदेउपुर-५ काभ्रेकी राधिकाले पत्रकारिता र राजनीतिशास्त्रमा स्नातकोत्तर एवं एलएलबी समेत गर्नुभएको छ । श्रीमानले परिकल्पना गर्नुभएको मौलिक वस्तुलाई बजारीकरण गर्ने र मौलिक स्वाद पस्किने सपनालाई राधिकालाई पनि उचित ल्याग्यो र यसमा दुबै दम्पती सक्रिय हुनुभएको छ । मौलिक भान्सा र बजारको व्यवस्थापनदेखि बजारीकरणको जिम्मा राधिकाले लिनुभएको छ । उहाँ सुनाउनुहुन्छ, "चुनौतीहरु धेरै छन् । त्यो पार गर्दै धेरै यसमा लाग्नुपर्छ । अहिलेको विश्वव्यापी मन्दीको अवस्थामा उत्पादनमा जानुको विकल्प छैन ।"

### मौलिक परिकारमा बगियादेखि भक्कासम्म

मौलिक भान्सामा सात प्रदेशको विशेष परिकार पाक्दै आएको छ । मौलिक खानाको पारखीहरुको लागि उत्तम गन्तव्य हुनसक्छ मौलिक भान्सा । दाहाल भन्नुहुन्छ, "हामीले सबै प्रदेशको विशेष चर्चित परिकार पस्कँदै आएका छौं । प्रदेश १ को किनेमा र झ्याउ, तराईको भक्का, मधेश प्रदेशको बगिया र गहुँको रोटी बागमती प्रदेशको नेवारी खाजा सेट र योमरी, गण्डकी प्रदेशको पोखरेली जेठोबुढो चामलको खिर र सेलरोटी लुम्बिनीको खिचडी र ढिकरी, कर्णालीको मार्सीको खाना र कसार तथा सुदूरपश्चिमबाट माडा र रोटा आदि परिकारहरु विशेष परिकारमा सामेल छ ।"

उहाँले भन्नुभयो, "ढिँडो, खिर, चाम्रे, पुवादेखि लिएर स्थानीय मौलिक सबै परिकारलाई हामीले पेय र खाजा, खानका रुपमा पस्कँदै आएका छौं । बजार व्यवस्थापक राधिकाका अनुसार, मेरो ठाउँको के उत्पादन आयो भनेर खोज्दै आउनेहरुको भीड बढ्दो छ । आफ्नो गाउँघरको उत्पादन पाएपछि खुशी हुनेहरु पनि उत्तिकै हुनुहुन्छ । यसलाई पैसासँग दाँज्न सकिँदैन मौलिक बजार तथा भान्सा घर परियोजनाअन्तर्गत सङ्ग्रहालयसमेत बनाइएको छ । यसभित्र देशैभर उत्पादन हुने एक सय ४० प्रकारका बीउहरु राखिएका छन् । त्यस्तै परम्परागत सीपमा आधारित विभिन्न वस्तुहरु सङ्ग्रहालयभित्र छ । मौलिक भान्साघरले प्रत्येक वर्षको माघ महिनामा व्यञ्जन महोत्सवको आयोजना गर्दै आएको अध्यक्ष सुमन बताउनुहुन्छ । यसअन्तर्गत यस वर्षको माघ १ गते ८४ व्यञ्जनसहितको मेला आयोजना गरिएको थियो ।



दाहालका अनुसार, स्वदेशी वस्तुको प्रवर्द्धन र विस्तारका लागि हामीले विभिन्न मेला र आयोजनाहरु गर्दै आएका छौं । यस वर्षको मेलाको परिकल्पनाअनुसार हप्तामा सातै बार, सात प्रदेश, सात विशेष परिकार, सात पंक्षी, सात स्वाद अनि सात संस्कृति तथा सात पहिरनका साथै सातै दिन सांस्कृतिक साँझको अवधारणा राखेर कार्यक्रमसहितको मेला आयोजना गरिएको थियो । यसवर्षका ५२ हप्तामा साप्ताहिक उत्पादन तथा मेला सञ्चालन भइरहेको छ ।

मौलिक उत्पादनहितको परियोजना सात रोपनी जग्गामा सञ्चालित रहेको छ । अध्यक्ष सुमन भन्नुहुन्छ, "बासँघारी रहेको भिरालो जमिनलाई परिस्कृत गरेर अर्गानिक खेतीको सुरुआत गर्यौं तर पाँच वर्षअघि लिएको जग्गामा लगातार चार वर्ष राम्रो उत्पादन भएन । तैपनि हामी हतास भएनौं र निरन्तर खेती गरिरह्यौं । विस्तारै खेती सप्रिँदै गयो र यस वर्ष राम्रै उब्जनी भएको छ ।"

आयुर्वेदको अध्ययन गर्नुभएका दाहाल हर्बल कस्मेटिक्सको प्रोडक्सनहरुसमेत बजारमा ल्याउनुभएको छ । यसका साथै अदुवा र लसुनको पेस्ट बनाउने उद्योग सञ्चालनमा ल्याएर सुपथ मूल्यमा उपलब्ध गराउँदै आउनुभएको छ ।

### प्रशोधनदेखि ब्रण्डिङ र प्याकेजिङसम्म

मौलिक बजारको कम्पाण्डभित्र पाँच वटा प्रोजेक्ट सञ्चालनमा रहेको राधिका बताउनुहुन्छ । मौलिक भान्सामा गाउँगाउँको मौलिक उत्पादनलाई बजारीकरण गर्ने गरिएको छ भने प्रसोधन उद्योगसमेत सञ्चालनमा रहेको छ । यसले हाम्रो उत्पादनको प्रशोधन, ब्रण्डिङ र प्याकेजिङसम्मको काम गर्छ । 'फ्यामिली प्रोडक्सन हाउस' भनेर नामकरण गरिएको यस उद्योगले सामानलाई बजारीकरण गर्नु अघिको सबै प्रकृया पूरा गर्छ । यसका साथै पाँच रोपनी जग्गामा सञ्चालन गरिएको अर्गानिक कृषि फार्ममा तरकारी, सागसब्जी उत्पादन गर्नुका साथै पशुपन्छी पालन गरेको बताउनुभयो । राधिका भन्नुहुन्छ, "व्यापारको दृष्टिकोणले व्यवस्थापन गर्न सक्यौं भने सजिलो हुने रहेछ ।"

मौलिक खानाको स्वाद लिनेहरुले हप्ताका सातै दिन सातै प्रदेशका सांस्कृतिक झाँकी र नृत्यहरुको मजासमेत लिन सक्नेछन् । मौलिक भान्सा घरसँगै बनाइएको सांस्कृतिक हलमा संस्कृतिक कार्यक्रम प्रस्तुत हुने गर्दछ । यहाँ अग्रिम बुकिङ्ग गरेर पनि कार्यक्रमहरु गर्न सकिन्छ । बुकिङ्ग गर्नेले आफ्नै कलाकार ल्याएर पनि कार्यक्रम गर्न सकिने उहाँको भनाइ छ । बस्न खानको लागि कटेजहरुको व्यवस्था गरिएको छ ।

### चुनौतीहरू पन्छिादै जान्छ

मौलिक बजारको बजार व्यवस्थापनको जिम्मेवारी सम्हाल्नु भएकी राधिका भन्नुहुन्छ, "नेपाली उत्पादनहरुलाई विश्वास नगर्ने एउटा चुनौती छ। हामीसँग यति राम्रो कस्मेटिकको उत्पादन छ तर भित्रको वस्तु नहेरेर बाहिरको आकर्षक प्याकेजिङलाई विश्वास गर्ने चलन हटाउन सकिएको छैन । सीमित स्रोत साधनमा हामीले जे उत्पादन दिन खोजिरहेका छौं त्यो चीन र भारतबाट आएको सामानको प्याकेजिङ जस्तो नदेखिने हुँदा बजारीकरणमा समस्याको सामना गर्नुपरेको छ । यद्यपि हामीले विस्तारै जनमानसको विश्वास जित्ने प्रयास गर्दै आएका छौं ।" उहाँका अनुसार विस्तारै नेपाली उत्पादनलाई माया गरेर प्रयोग गर्ने क्रम बढ्न थालेको छ । नेपाली पैसा नेपालमै राख्नुपर्छ भन्ने भावना बढ्दैछ ।

प्रविधि र जनशक्तिको समस्या पनि मुख्य चुनौतीका रुपमा रहेको राधिका बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "हामीसँग प्रविधि सिमित छ । मेसिन हामीले भारत र चीनबाटै मगाउनुपर्छ । सामानको प्याकेजिङ र ब्राण्डिङका लागि यहाँ राम्रो मेसिन चलाउन जन्ने मान्छेको अभाव छ । पाइहाले पनि टिकाउन नसक्ने अवस्था छ ।" आर्थिक मन्दीको प्रभावले व्यवसाय सञ्चालन गर्न समस्या भएको उहाँको भनाइ छ । सिमित स्रोत साधनले काम गर्नुपरेको बताउँदै उहाँ भन्नुहुन्छ, "महिला उद्यमशीलताका लागि राज्यबाट सहुलियत पाएका छैनौं । धितो नभएसम्म बैंकिङले ऋण दिन पनि मान्दैन । महिला सहुलियत कर्जा, दलित कर्जालायतको छ तर त्यसका लागि पनि अन्त्यमा चाहिने धितो नै रहेछ ।"

यस क्षेत्रमा निकै धेरै सम्भावना रहे पनि स्वदेशी र मौलिक उत्पादनलाई बढावा दिन सरकारले जनचेतना बढाउने उद्देश्य राखेर प्रचारप्रसार नहुँदा बजारीकणको समस्याले उत्पादनमा वृद्धि हुन सकेको छैन, युवाहरुले स्वदेशमै रोजगार नपाउँदा विदेश जानुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ । सरकारले विदेशी केही वस्तुहरुमा कर र भ्याटलाई कडाइ गर्यो भने स्वतःस्वदेशी उत्पादनको माग बढ्ने छ र यसले बजार पाउने उहाँ बताउनुहुन्छ ।

# एकीकृत समाजवादीले वामपन्थी शक्तिबीच एकीकरणलाई महत्व दिने

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले वामपन्थी शक्तिबीच एकतालाई प्राथमिकता दिएको छ। पार्टीको १०औँ महाधिवेशनका लागि तयार गर्न लागेको दस्तावेजमा वामपन्थी शक्तिबीच एकता गर्ने विषयलाई महत्व दिएको हो।

वामपन्थी दलसँगको कार्यगत एकतालाई प्राथमिकतामा राखेर दस्तावेज परिमार्जन गर्न लागेको

> सबै पक्षलाई समेटेर तयार गरिने प्रतिवेदन एकीकृत गरेर महाधिवेशनमा एउटै दस्तावेज लैजाने पार्टीले जनाएको छ ।

पार्टीले वाम ध्रुवीकरणबाट विकास भएको नयाँ समीकरणलाई सहज र सकारात्मक प्रभाव पार्ने विषयवस्तुलाई दस्तावेजमा समावेश गर्ने उपमहासचिव एवं केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए।

आगामी जेठ ३ देखि ७ गतेसम्म काठमाडौँमा हुने १० औँ राष्ट्रिय महाधिवेशनका लागि निर्माणाधीन दस्तावेजलाई थप अध्ययन गर्ने समय निर्धारण गरेको समितिले समान विचार तथा दृष्टिकोण भएका कम्युनिष्ट शक्तिसँग एकताका लागि अपुग भएका केही वस्तु थप्ने समझदारी भएको छ।

यही चैत ६ गते दस्तावेज मस्यौदा लेखन समितिको बैठकमा समाजवादी कार्यदिशा, राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय राजनीतिक प्रभावको वस्तुगत विश्लेषण गरिने प्रचार विभाग प्रमुख खतिवडाले जानकारी दिए। उनका अनुसार राजनीतिक, समाजवादी कार्यक्रम, साङ्गठनिक र विधान प्रतिवेदनमाथि सुक्ष्म छलफल गरी दस्तावेज मस्यौदा लेखनलाई पूर्णता दिइने छ।

पछिल्लो विकसित राजनीतिक अवस्था, समसामयिक विषयवस्तु, अन्तर्राष्ट्रिय घटनाक्रमबारे समेत दस्तावेज उल्लेख गरिएको खतिवडाले बताए।

पार्टी अध्यक्ष माधवकुमार नेपाललाई राजनीतिक प्रतिवेदन, नेता झलनाथ खनालले समाजवादी कार्यक्रम, उपाध्यक्ष डा बेदुराम भुसालले पार्टी विधान र महासचिव घनश्याम भुसालले सङ्गठनात्मक प्रस्ताव तयारीका लागि नेताहरूसँग छलफल तथा परामर्श गर्नुभएको छ। सबै पक्षलाई समेटेर तयार गरिने प्रतिवेदन एकीकृत गरेर महाधिवेशनमा एउटै दस्तावेज लैजाने पार्टीले जनाएको छ।

# जब प्रधानमन्त्री छमछमी नाच्नुभयो...

गण्डकी । पोखरेलीले आइतबार बिहानैदेखि उत्सव मनाइरहेका थिए । आफ्नो प्रिय सहर पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्ने समारोहमा उनीहरु झाँकी र नाचगानसहित सामेल भएका थिए । फेवातालछेउ बाराहीघाटमा उल्लास छाइरहेको थियो । मध्यान्हपख घोषणा समारोह सुरु भयो ।

समारोहको बीचबीचमा कलाकारले प्रादेशिक मौलिकता झल्काउने गीत र नाचको प्रस्तुति दिइरहेका थिए। 'म बिना कसैकसैलाई मुस्किल छ पोखरामा...' का गायक प्रमोद खरेलदेखि प्रकाश सपुतसम्मले पोखरेलीलाई गीत सर्मपण गरे।

धर्मेन्द्र सेवानले आफ्ना दिवङ्गत बुबा बुद्धि परियारले गाएको 'रेशम फिरिरि...' सुनाउनुभयो । गायक विवेक श्रेष्ठले ' हङकङ पोखरा...' गाएर दर्शकलाई मन्त्रमुग्ध पार्नुभयो । औपचारिक समारोह सकिनुपूर्व अन्तिम प्रस्तुतिका लागि गायक प्रकाश सपुत मञ्चमा उक्लनलनुभयो । समारोहका प्रमुख अतिथि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लगायत मञ्चस्थ विशिष्ट पाहुनाप्रति श्रद्धापूर्वक शिर निहुराउनुभयो र आफ्नो प्रस्तुति दिन सुरु गर्नुभयो । अरुलाई एकवटा मात्र गीत गाउन दिइए पनि सपुतले दुई गीत सुनाउनुभयो।

प ि ह ल ा ` पञ्चेबाजामा 'माकुरमाकुर घुर...' र दोस्रो 'बोलमाया...'। देशविदेशका साङ्गीतिक प्रस्तुतिमा भ्याइनभ्याइ उहाँ प्रधानमन्त्री प्रचण्डसामु भने पहिलोपटक गीत गाउँदै हुनुहुन्थ्यो। सपुतले क्रान्तिको पृष्ठभूमिबाट आउनुभएका प्रधानमन्त्रीबाट नयाँ पुस्ताले धेरै आशा गरेको बताउनुभयो । उहाँले हरेकजसो नेता मौलिक संस्कृति र गीतसङ्गीतप्रति जानकार रहेको भन्दै प्रधानमन्त्रीलगायतलाई आफ्नो गीतमा नाच्न आग्रह गर्नुभयो ।



> "पोखराको विकास निर्माणमा विद्यमान तथा सम्भावित समस्या समाधानका लागि यथोचित पहल तथा समन्वय गरिनेछ", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "पर्यटकीय राजधानीको सुदृढ पूर्वाधार विकासका लागि अन्तर्राष्ट्रिय विकास साझेदारहरूबाट आवश्यक साझेदारी र सहयोग प्राप्त गर्न तथा निजी क्षेत्रका लगानीकर्ताहरूबाट आकर्षित गर्न सरकारले आवश्यक पहल गर्नेछ ।"

"प्रधानमन्त्रीज्यूसँग अहिलेसम्म मेरो एउटा तस्बिर पनि छैन, प्रोटोकलले दिन्छ भने उहाँलाई म नाच्नका लागि आग्रह गर्दछु", सपुतले भन्नुभएको थियो । उहाँको अनुरोधलाई सहज रुपमा स्वीकार गर्दै प्रधानमन्त्रीसहित गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, सभामुख कृष्णप्रसाद धिताल, निवर्तमान मुख्यमन्त्री खगराज अधिकारी र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य मञ्चको अग्रभागमा आएर नाच्नुभयो।

गायक सपुतको 'बोलमाया...' गीतमा प्रधानमन्त्रीलगायत विशिष्ट ओहोदाका व्यक्तित्वहरुको नाचले उक्त समारोहमा बेग्लै रौनकता ल्याएको थियो। प्रधानमन्त्री नाच्दा दर्शकले तालीले साथ दिएका थिए। सो दृश्यलाई धेरैले क्यामरा र मोबाइलमा कैद गरे।

समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले पोखराको विकासका लागि सङ्घ सरकारले प्राथमिकतापूर्वक आवश्यक सहयोग, समन्वय तथा सहकार्य गर्ने बताउनुभयो। उहाँले पोखरालाई अझ सुन्दर, सुरक्षित, हरियाली, व्यवस्थित र समुन्नत सहरको रूपमा विकास गर्न सरकारले उच्च प्राथमिकता दिने विश्वास दिलाउनुभयो।

"पोखराको विकास निर्माणमा विद्यमान तथा सम्भावित समस्या समाधानका लागि यथोचित पहल तथा समन्वय गरिनेछ", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "पर्यटकीय राजधानीको सुदृढ पूर्वाधार विकासका लागि अन्तर्राष्ट्रिय विकास साझेदारहरूबाट आवश्यक साझेदारी र सहयोग प्राप्त गर्न तथा निजी क्षेत्रका लगानीकर्ताहरूबाट आकर्षित गर्न सरकारले आवश्यक पहल गर्नेछ ।" उहाँले आगामी वैशाखमा आयोजना गर्न लागिएको लगानी सम्मेलनले समेत यस कार्यमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरेलीको वर्षौं पुरानो सपना पूरा भएको बताउनुभयो। पोखरालाई पर्यटनको राजधानी घोषणा गर्न गरिएको पटक-पटक पहलले सार्थकता पाएको उहाँको भनाइ छ । प्रमुख आचार्यले राजधानी घोषणाले विश्व पर्यटन बजारमा पोखराको 'ब्राण्डिङ' हुने बताउनुभयो । प्रमुख आचार्यले पर्यटन राजधानी घोषणाले यस क्षेत्रका नागरिकको जीवनस्तर सुधार, रोजगारी सिर्जना र गरिबी निवारणमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

आचार्यले तीन तहका सरकार मिलेर पोखरामा पर्यटनका थप पूर्वाधार निर्माण गरिने बताउनुभयो। प्रधानमन्त्री प्रचण्डले पर्यटकीय राजधानी घोषणासँगै पर्यटकीय राजधानीको लोगो सार्वजनिक तथा स्मृति स्तम्भको अनावरण गर्नुभएको थियो।

सो अवसरमा कास्कीको हेम्जामा जन्मनुभएका साहित्यकार मुकुन्दशरण उपाध्यायलाई सम्मान गरिएको थियो। यस्तै दिवङ्गत भूगोलविद् हर्क गुरुङ र गायक तथा सर्जक प्रेमप्रकाश मल्ललाई मरणोपरान्त सम्मान गरिएको थियो । मल्लले 'पोखरा त साँच्चिकैको पोखरा पो रै'छ...' गीत गाउनुभएको थियो।रासस

# सरकारले महत्वपूर्ण विधेयक ल्याउन ढिला गर्न हुन्नः नेता ज्वाला

काठमाण्डु। हामी जनताबाट निर्वाचित भएपछि साढे एक वर्षसम्म संसद्मा भूमिका खेल्ने अवसर प्राप्त भयो। करिब एक वर्ष सरकारमा रहेर पनि काम गरियो। सरकारमा रहँदा पनि संसदीय गतिविधिमा सक्रियरुपमा काम पनि गरियो।

सरकारमा रहँदा जिम्मेवारी प्राप्त गरेको मन्त्रालयको कामलाई गति दिनुका साथै संसदीय गतिवधिलाई पनि आगाडि बढाइयो । मन्त्रालयकातर्फबाट पनि जनसरोकारका विषयलाई प्राथमिकता दिने प्रयास गरेँ । सदनबाट गरिनुपर्ने कामलाई प्राथमिकताका साथ अगाडि बढाइयो भने मन्त्रालयको जिम्मेवारीअनुसार तात्कालीक र दीर्घकालीन महत्वका कामका साथै सानातिना समस्यालाई पनि सम्बोधन गर्ने प्रयास गरियो।



सरकारमा बसी काम गर्दाको अनुभव पनि भयो र सरकारको भूमिकामा पनि रहेर जिम्मेवारी पूरा गरियो । तथापि अपेक्षाकृतरुपमा संसदीय भूमिका प्रभावकारी हुन नसकेको मेरो बुझाइ हो। संसद्मा जसरी योजनाबद्धरुपमा कानुन निर्माण हुनुपर्ने हो त्यति नभएको अवस्था छ। धेरै कानुन निर्माण हुन सकेका छैनन्।

संसद्को अघिल्लो अधिवेशनले जति कानुन निर्माण गर्नुपर्ने हो त्यति निर्माण गर्न नसकेको सत्य हो । राष्ट्रियसभामा उत्पत्ति भएर प्रतिनिधिसभामा पेस भएका कतिपय कानुनले पूर्णता नै पाउन सकेनन् । ती कानुनहरु अघि बढाउन निकै ढिलासुस्ती भएको छ । सबै कामको 'जग' नै कानुन हो । त्यसैले संसद्बाट जतिसक्दो चाँडो कानुन निर्माण गर्नुपर्छ। कानुन बनाउने काम ढिलासुस्ती भएको छ। यसपटकको संसद्ले केही महत्वपूर्ण कानुनहरु सङ्घीय निजामती सेवा ऐन, सङ्घीय शिक्षालगायतका ऐन कानुन निर्माण गर्नेमा विश्वास छ।

मैले पनि कानुन निर्माण र राष्ट्रिय मुद्दाका साथै आत्मनिर्भर अर्थतन्त्रको विकासमा आफ्नो भूमिका निर्वाह गरिरहेको छु र आगामी दिनमा पनि यसलाई निरन्तरता दिने नै छु। सांसदहरु विधायिकाको भूमिकासँगै विकास निर्माणमा पनि जोडिनुपर्छ । सरकारले बजेट विनियोजन गर्दा सन्तुलित नहुनेजस्ता कुराले पनि जनचाहनाअनुरुप सन्तुलित विकासका लागि सांसदले त्यसमा चासो दिनुपर्छ । तर, सांसदको प्रमुख दायित्व कानुन निर्माण हो। सरकारले ल्याएको नीति तथा कार्यक्रममाथि संसद्मा हुने छलफलमा सक्रिय सहभागी भई सुझाव दिने र बजेटको कार्यान्वयनमा सहजीकरण गर्ने अर्को प्रमुख काम पनि सांसदकै हो।

सरकार र जनताबीच सेतुको भूमिका निर्माण गर्ने पनि जनप्रतिनिधिको दायित्व भएकाले यसलाई मध्यनजर गरेर आगामी दिनमा संसद्को भूमिकालाई थप प्रभावकारी बनाउन जिम्मेवारपूर्वक लाग्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।

संसद्का गतिविधिलाई आगामी दिनमा कसरी प्रभावकारी बनाउने भन्नेमा हाम्रो गम्भीररुपमा ध्यान केन्द्रित हुन्छ । मूलतः संविधान र सङ्घीयता कार्यान्वयनसम्बन्धी कानुन निर्माण अति आवश्यक छ। सङ्घीय निजामती सेवा ऐन, सङ्घीय प्रहरी ऐन, सङ्घीय शिक्षालगायतमा महत्वपूर्ण कानुन निर्माणलाई अहिलेको अधिवेशनले तीव्रता दिनुपर्नेछ। तर, यो बजेट अधिवेशन पनि भएकाले एकतिर कानुन निर्माणलाई तीव्रता दिनुपर्‍यो र अर्कोतर्फ बजेट निर्माणलाई पनि सँगसँगै अगाडि बढाउनुपर्ने जिम्मेवारी छ।

बजेटका सिद्धान्त र प्राथमिकताबारे संसद्मा छलफल भइरहेको छ, त्यहाँका सुझाव समेटेर सरकारले बजेट ल्याउनुपर्छ। सरकारले सदनमा प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटमाथि छलफल गरेर पारित गर्नुपर्ने दायित्व पनि सांसदको छ। अर्कोतर्फ संसद्मा थुप्रिएर रहेका र कतिपय सरकारले छिटोभन्दा छिटो संसद्मा पेस गर्नुपर्ने कानुनहरु पेस गरेर कानुन निर्माणलाई गति दिनुपर्ने हुन्छ।

बजेट निर्माण गर्दा कसरी उत्पादन क्षेत्रमा लागानी बढाउन सकिन्छ, बढीभन्दा बढी रोजगारीका अवसर कसरी सिर्जना गर्ने, विधि निर्माणलाई प्राथमिकता राखेर मुलुकलाई आर्थिक समृद्धिको दिशामा अगाडि बढाउनेगरी बजेट केन्द्रित हुनुपर्छ । राजस्व सङ्कलन बढाउने, स्रोत साधन बढाउने तथा योजना आवश्यकता र प्राथमिकताका आधारमा वर्गीकरण गरि नुपर्ने आवश्यकता छ। अर्को कुरा विगतमा अगाडि बढाइएका अधुरा योजनालाई सम्पन्न गराउने, मुलुकको अर्थतन्त्रलाई थप चलायमान बनाउने, उत्पादन वृद्धि गरी रोजगारी सिर्जना गर्ने र जनतालाई सेवासुविधा दिने नयाँ योजना छनोट गरी बजेटको सुनिश्चितता गरिनुपर्छ भन्ने मेरो सुझाव छ।

नेकपा (एकीकृत समाजवादी) का उपमहासचिव एवं सांसद प्रकाश ज्वाला सरकार र संसद्मा लामो समय बिताइसक्नुभएका अनुभवी नेता हुनुहुन्छ। उहाँ २०५६ मा प्रतिनिधिसभा सदस्य, २०७० मा संविधानसभा सदस्य, २०७४ सालमा प्रदेशसभा सदस्य रहिसक्नुभएका सांसद ज्वाला प्रतिनिधिसभा निर्वाचन २०७९ मा सल्यान निर्वाचन क्षेत्र नं १ का निर्वाचित हुनुभएको थियो। प्राकृतिक स्रोत समिति र अर्थ समितिको सभापतिका रुपमा भूमिका निभाइसक्नुभएका सांसद ज्वाला यसअघि भौतिक पूर्वाधार तथा यातायातमन्त्री हुनुहुन्थ्यो।रासस

# पर्यटकीय राजधानीको विकासका लागि सहयोग हुन्छः प्रधानमन्त्री

**टुडे समाचारदाता**

गण्डकी। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पर्यटकीय राजधानी पोखराको विकासका लागि सरकारले प्राथमिकतापूर्वक आवश्यक सहयोग, समन्वय तथा सहकार्य गर्ने बताएका छन्।

पोखरालाई पर्यटकीय राजधानी घोषणा गर्न आइतबार आयोजित समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री 'प्रचण्ड'ले पोखरालाई अझ सुन्दर, सुरक्षित, हरियाली, व्यवस्थित र समुन्नत सहरका रूपमा विकास गर्न सरकारले उच्च प्राथमिकता दिने विश्वास दिलाए।



"पोखराको विकास निर्माणमा विद्यमान तथा सम्भावित समस्या समाधानका लागि समेत यथोचित पहल तथा समन्वय गरि नेछ", प्रधानमन्त्री प्रचण्डले भने, "पर्यटकीय राजधानीको सुदृढ पूर्वाधार विकासका लागि अन्तर्राष्ट्रिय विकास साझेदारहरूबाट आवश्यक साझेदारी र सहयोग प्राप्त गर्न तथा निजी क्षेत्रका लगानीकर्ताहरूबाट आकर्षित गर्न सरकारले आवश्यक पहल गर्नेछ।" उनले आगामी महिना आयोजन गर्न लागिएको लगानी सम्मेलनले समेत यस कार्यमा महत्त्वपूर्ण सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे।

प्रधानमन्त्रीले पोखरा अन्तर र्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय हवाइसेवाबाट व्यावसायिक उडानका लागि पहल गर्ने बताए। "व्यावसायिक उडानका लागि सम्बद्ध पक्षसँग नेपाल सरकारले आवश्यक पहल तथा समन्वय गर्ने प्रतिबद्ध व्यक्त गर्दछु", उनले भने। प्रधानमन्त्री प्रचण्डले प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथको प्रवेशद्वारका रूपमा रहेको पोखराको सांस्कृतिक तथा आर्थिक विकासका लागि कोरोला-त्रिवेणी नाकालाई प्रभावकारी रूपमा सञ्चालन गर्न नेपाल सरकारले थप पहल तथा समन्वय गर्ने बताए।

उनले गण्डकी प्रदेशको विकासमा दुरगामी महत्त्व राख्ने मध्यपहाडी लोकमार्ग सम्पन्न गर्न तथा पृथ्वी राजमार्गको मुग्लिन-पोखरा खण्डमा निर्माणाधीन सडक निर्माणलाई तीव्रता दिन आवश्यक समन्वय तथा अनुगमनलाई प्रभावकारी बनाउँदै लगिने बताए। "पर्यटनको राजधानी पोखरालाई विश्वकै विशिष्ट पर्यटकीय गन्तव्यका रूपमा स्थापित गर्न हामी सबैले भूमिका खेलौँ," प्रधानमन्त्री प्रचण्डले भने, "आन्तरिक पर्यटन प्रवर्द्धनमा सरकार, निजी क्षेत्र र नागरिक समाजबीच बलियो एकता र सहकार्यका साथ अगाडि बढौँ।"

लक्ष्यअनुसार पर्यटक भित्र्याउन खेल्नुपर्ने विशिष्ट भूमिकाहरू पूर्ण निष्ठा र इमानदारिताका साथ पूरा गर्नुपर्नेमा जोड दिँदै प्रधानमन्त्री प्रचण्डले त्यस कार्यका लागि सम्पूर्ण पोखरेली जनसमुदायमा अपील गरे । त्यस अवसरमा गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पर्यटनको राजधानी घोषणाले विश्व पर्यटन बजारमा पोखराको 'ब्राण्डिङ' हुने विश्वास व्यक्त गरे । दिगो पर्यटन विकासका माध्यमबाट गण्डकी प्रदेश मात्रै नभई सिङ्गै देशको समृद्धिमा टेवा पुग्ने उनको भनाइ छ।

गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले पर्यटन राजधानी घोषणासँगै पर्यटन पूर्वाधार निर्माणमा जोड दिए । उनले पर्यटन संस्कृतिले समाजलाई एकताबद्ध बनाउने धारणा राखे। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पर्यटन राजधानी घोषणाले यस क्षेत्रका नागरिकको जीवनस्तर सुधार, रोजगारी सृजना र गरिबी निवारणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे। आचार्यले तीन तहका सरकार मिलेर पोखरामा पर्यटन थप पूर्वाधार निर्माण गरिने बताए।

# 'मिडियालाई राष्ट्रिय सेवामूलक उद्योगसरह मान्यता दिईनेछ'

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले समावेशी लोकतान्त्रिक सूचना तथा सञ्चार नीति सरकारको प्राथमिकतामा रहेको बताएका छन्।

नेपाल पत्रकार महासङ्घ कास्कीद्वारा सञ्चालित प्रजातन्त्र सेनानी दयाशङ्कर पालिखे स्मृति पत्रकारिता सम्मान अर्पण समारोहमा उनले आमसञ्चार माध्यममा सबै वर्ग, क्षेत्र, जाति, भाषा र समुदायको पहुँच बढाउने गरी समावेशी लोकतान्त्रिक सूचना तथा सञ्चार नीति सरकारको प्राथमिकतामा रहेको बताए।

मिडियालाई राष्ट्रिय सेवामूलक उद्योगसरह मान्यता प्रदान गरी संरक्षण र संवर्द्धन गर्ने सरकारको नीति रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले सञ्चारमाध्यम र सञ्चारकर्मीको प्रवर्द्धन र हितका निम्ति सञ्चारमाध्यमको व्यावसायिक र संस्थागत विकास गरिनेमा जोड दिए।

सरकार विचार तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक एवं प्रेस स्वतन्त्रताको पूर्ण ग्यारेण्टी गर्ने गरी आवश्यक संरचना र पूर्वाधारको निर्माण गर्नुका साथै कानुनी र व्यावहारिक सुनिश्चितता गर्न प्रतिबद्ध रहेको उनको भनाइ छ। पोखरा अन्तराष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सञ्चालन सम्बन्धमा पहल भइरहेको बताउँदै उनले त्यसका लागि दुवै छिमेकी राष्ट्रसँग पहल भइरहेको बताए।

विमानस्थलको निर्माण लागेको ऋणको व्यवस्थापनका सम्बन्धमा पनि पहल भएको उनले बताए । प्रजातन्त्र सेनानी दयाशङ्कर पालिखेको योगदानको स्मरण गर्दै उनको नाममा स्थापित पुरस्कारले पोखरामा मात्र नभई देशभर सकारात्मक सन्देश प्रवाह भएको बताए।

उक्त अवसरमा प्रधानमन्त्री प्रचण्डले प्रजातन्त्र सेनानी दयाशङ्कर पालिखे स्मृति पुरस्कारबाट दीपेन्द्र श्रेष्ठ र मरणोपरान्त त्रिभुवन पौडेललाई सम्मान गरेका थिए।

# प्रदेश सरकार गठनका लागि केन्द्रको निर्णय प्रतीक्षामा कर्णाली

**टुडे समाचारदाता**

कर्णाली । राजनीतिक समीकरणपश्चात केन्द्रमा नयाँ गठबन्धनको सरकार बनेपछि त्यसको प्रभाव सातै प्रदेशमा परेको छ। समीकरण फेरबदलको प्रभावबाट कर्णाली पनि अछुतो छैन।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड'ले कांग्रेससँगको गठबन्धन तोडेर नेपाल कम्युनिष्ट पार्टी (एमाले)लगायतका पाँच दलसँग नयाँ गठबन्धन गरेपछि कर्णाली प्रदेश सरकारबाट समर्थन फिर्ता लिँदै नेपाली कांग्रेसका मन्त्रीहरूले राजीनामा दिइसकेका छन् । फागुन २२ गते आर्थिक मामिला तथा योजनामन्त्री बेदराज सिंह, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री कृष्णबहादुर बिसी र सामाजिक विकासमन्त्री खड्गबहादुर पोखरेलले राजीनामा दिएका हुन्।

कांग्रेस मन्त्रीहरूले राजीनामा दिएपछि रिक्त रहेका मन्त्रालय मुख्यमन्त्री राजकुमार शर्माले सम्हाल्ने र साविकका मन्त्रालय यथावत तवरले सञ्चालन हुनेगरी नियुक्ति र जिम्मेवारी हेरफेर गरी प्रदेश प्रमुख तिलक परियारले कर्णाली प्रदेशको मन्त्रिपरिषद् गठन गरे । तथापि कर्णाली एमालेसँगको समीकरणमा नयाँ गठबन्धन सरकार बन्न सकेको छैन । करिब दुई सातासम्म नयाँ सरकार गठन हुन नसकेपछि विकास निर्माणका कार्यमा बाधा पुगेको देखिन्छ।

कर्णाली सरकारको नेतृत्व गरिरहेका मुख्यमन्त्री शर्मा र एमाले कर्णाली प्रदेशसभा दलका नेता यामलाल कँडेलसहित दुवै दलका पदाधिकारी बसेर सरकार गठनका विषयमा छलफल गर्दै आएका छन्। छलफलमा माओवादी केन्द्रले आफ्नै नेतृत्वमा सरकार निरन्तर अगाडि बढ्नुपर्ने विषय राखेको छ भने एमालेले आफ्नो नेतृत्वमा सरकार गठन गर्नुपर्ने प्रस्ताव अगाडि सारेको छ।

मुख्यमन्त्री शर्माले आफू नेतृत्वको सरकारले नीति, कार्यक्रम तथा बजेट ल्याएकाले त्यसको कार्यान्वयनमा प्रभाव पर्ने र तत्काल फरक नेतृत्वको सरकारलाई त्यसमा टेकेर काम गर्नसमेत असहज हुने भएकाले आफू नेतृत्वकै सरकारलाई निरन्तरता दिनुपर्ने तर्क राखेका छन् । उनले भने, "उहाँ (नेता कँडेल) नेतृत्वको सरकारले ल्याएका नीति, कार्यक्रम तथा बजेटमा रहेर मैले पनि प्रतिफल ल्याउन गाह्रो हुन्छ। यो कुरा बुझ्दा दुवै दलका लागि हित नै हुन्छ।"

दुवैका आ-आफ्नै अडान भएपछि सत्ताको नेतृत्व कसले गर्ने भन्ने विषय निकै पेचिलो बन्दै गएको छ । छलफलबाट निकास निस्कन नसकेपछि सरकार गठनमा अन्योल बढेको छ । एमाले कर्णाली प्रदेशसभा दलका प्रमुख सचेतक टेकराज पछाईँले यसपटक एमालेलाई नै सरकारको नेतृत्व दिन केन्द्रलाई अनुरोध गरिएको बताए।

"केन्द्रमा समीकरण भएअनुसार हामी यहाँ दुई दल बस्यौं । सामान्य छलफल भए पनि केन्द्रले जे निर्णय गर्छ, त्यसबमोजिम अगाडि बढ्नेबाहेक अरु त्यस्तो निर्णय हुन सकेन", उनले भने, "यही सरकारलाई निरन्तरता दिने भए त हामी बाहिर नै आउँदैनथ्यौं। हाम्रो आग्रहअनुसार केन्द्रले निर्णय गर्ने आशा राखेका छौं।"

माओवादी केन्द्रका प्रमुख सचेतक रनसिंह परियारले एक वर्ष माओवादीको नेतृत्वको सरकार सञ्चालन भइसकेको हुनाले यसलाई निरन्तरता दिनु उचित हुने तर्क गरे । उनले भने, "दुवै दलले सरकारमा आ-आफ्नो नेतृत्व खोज्नु स्वाभाविक नै हो । यद्यपि केन्द्रीय गठबन्धनको मर्म र भावनाअनुसार प्रदेशले चल्नुपर्छ। यहाँको आन्तरिक छलफलमा दुवै दलले नेतृत्व आफूले पाउनुपर्ने अडान कायमै राखेका छन्।"

# २१ भारतीय मछुवा पक्राउ

सिन्ह्वा

कोलम्बो । श्रीलङ्काको जलसेनाले शनिबार राति आफ्नो जलक्षेत्रमा अवैध रूपमा माछा मारिरहेका २१ जना भारतीय मछुवालाई पक्राउ गरेको छ ।

उत्तरी श्रीलङ्काको डेल्फ्ट टापु नजिकै माछा मारिरहेका भारतीय डुङ्गालाई पिछा गर्दै जाँदा उनीहरूलाई पक्राउ गरिएको र उनीहरूले प्रयोग गरेका दुई वटा डुङ्गा पनि जफत गरेको विज्ञप्तिमा उल्लेख छ ।

जफत गरिएका डुङ्गा र २१ मछुवालाई कान्केसानथुराई बन्दरगाहमा ल्याइएको र उनीहरूलाई कानुनी प्रक्रियाका लागि स्थानीय अधिकारीलाई सुम्पिने नौसेनाले जनाएको छ । नौसेनाले सन् २०२४ मा श्रीलङ्काको जलक्षेत्रमा १८ भारतीय डुङ्गा र १४६ भारतीय मछुवालाई सुरक्षा नियन्त्रणमा लिएको छ ।

# मुम्बईबाट काङ्ग्रेसको ‘जनन्याय पदयात्रा’ को औपचारिक समापन

एएनआई

मुम्बई । विपक्षी दल भारतीय राष्ट्रिय काङ्ग्रेसले राजनीतिक जागरणका लागि आयोजना गरेको ‘जनन्याय पदयात्रा’ आइतबार मुम्बईको मणि भवन सङ्ग्रहालयबाट सुरू भई क्रान्ति मैदानमा पुगी समापन भएको छ । यससँगै अभियानको यो चरणको सबै कार्यक्रम सकिएको छ ।

आइतबार आयोजित पदयात्रामा केन्द्रीय नेता राहुल गान्धी, पार्टीका महासचिव प्रियङ्का गान्धी वाड्रा र अभिनेत्री स्वरा भास्करले सहभागिता जनाउनुभएको छ । पदयात्रालाई गान्धी स्मारक स्तम्भमा पुगेर पुष्पहार अर्पण गरी नेता राहुलले यो चरणको जनन्याय यात्राको औपचारिक समापन गर्नुभएको हो। पदयात्रापछि आयोजित कोणसभालाई सम्बोधन गर्दै अभिनेत्री स्वरा भास्करले राहुलले सञ्चालन गरेको भारत जोडो यात्राको दुई चरणको प्रशंसा गर्नुभएको थियो ।

उक्त अवसरमा नागरिकता संशोधन ऐन (सिएए) का बिषयमा केन्द्र सरकारको आलोचना गर्दै चुनावी घेराबाट बाहिर आएको वास्तविकता लुकाउन सत्ताधारी गठबन्धनले सिएएको अधिसूचना र नियमहरू जारी गरेको उहाँले बताउनुभयो । सत्ताधारी गठबन्धनले १० वर्षदेखि जनतालाई मूर्ख बनाउन यो रणनीति



प्रयोग गर्दै आएको उहाँले जिकिर गर्नुभयो ।

काङ्ग्रेस महासचिव वाड्राले जनतालाई राष्ट्रको वास्तविक अवस्था जानकारी गराउन ‘भारत जोडो न्याय यात्रा’को आयोजना गरिएको बताउनुभयो । उहाँले छ हजार ७०० किलोमिटर यात्रा गर्दै अभियान शनिबार मुम्बईमा पुगेको बताउनुभयो ।

देशको वास्तविकता बुझ्नुको महत्वलाई जोड दिँदै नेता वाड्राले भन्नुभयो, “राष्ट्रको बारेमा सत्य बुझ्नु महत्त्वपूर्ण रहेको र न्याययात्राले यो काम गरेको आफ्नो बुझाइ रहेको छ ।” कार्यक्रममा बोल्दै राहुल गान्धीले जनचेतनामा जानाजानी आक्रमण भइरहेको र यसबारे जनतालाई सुसूचित गर्न ‘न्याय यात्रा’ को अभियान चलाइएको र यसको औपचारिक समापन भएको बताउनुभयो ।

उहाँले अभियानको अन्त्यसँगै प्रसिद्ध सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ, “देशवासीका आँखामा लुकेका आशा र साना साना सपनाहरू साथमा लिएर आएको छु ।”उहाँले शनिबार भारत जोडो न्याय यात्राको यो चरणको कार्यक्रमको समापन भएको र यो न्यायको लागि लडाईको सुरुवात भएको तर अन्त्य नभएको बताउनुभयो ।

# राष्ट्रिय भलिबल प्रतियोगिताः पुलिस विजयी

टुडे समाचारदाता

काठमाण्डु । नेपाल पुलिस क्लबले कर्णाली प्रदेशलाई पराजित गर्दै आठौँ महिला तथा पुरुष भलिबल च्याम्पियनसिपको महिलातर्फ विजयी सुरुआत गरेको छ ।



त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा आइतबार भएको दोस्रो खेलमा पुलिसले कर्णाली प्रदेशलाई ३-० को सोझो सेटमा पराजित गऱ्यो । पुलिसले कर्णालीमाथि पहिलो सेट २५-१२ ले जित्यो भने खेलको दोस्रो सेट २५-७ तथा तेस्रो सेट २५-८ ले आफ्नो पक्षमा पाऱ्यो ।

त्यस्तै आइतबारै भएको पहिलो खेलमा विभागीय टोली नेपाल एपिएफ क्लबले मधेस प्रदेशलाई ३-० को सोझो सेट पराजित गरेको छ ।

एपिएफले मधेसलाई २५-८, २५-७ र २५-२ ले पराजित गऱ्यो । उक्त प्रतियोगिताको विजेता टोलीले रु पाँच लाख तथा उपविजेताले रु दुई लाख ५० हजार पाउनेछन् । त्यस्तै तेस्रो हुने टोलीले रु एक लाख २५ हजार प्राप्त गर्नेछन् ।

# भिनिसियसको २ गोलमा रियल विजयी, शीर्ष स्थानमा १० अंकको अग्रता

काठमाण्डु । भिनिसियस जुनियरको दुई गोल मद्दमा शीर्ष स्थानको रियल मड्रिडले स्पानिस ला लिगामा ओसासुनालाई ४-२ ले पराजित गरेको छ ।





यो जितपछि १० अंकको अग्रता बनाउँदै रियलले होड अझ बलियो बनाएको छ।ओसासुनाको मैदानमा भिनिसियसले खेलको चौथो मिनेटमै गोल गर्दै रियललाई अग्रता दिलाएका थिए । तर सातौं मिनेटमा एन्टे बुडिमिरले ओसासुनालाई लागि बराबरी गोल गरे ।१८औं मिनेटमा ड्यानी कार्भाजलले गोल गर्दै रियललाई फेरि अग्रता दिलाए । ६१औं मिनेटमा ब्राहिम डियाजले गोल गरेपछि रियलले ३-१ को अग्रता बनायो ।

यस्तै ६४औं मिनेटमा भिनिसियसले व्यक्तिगत दोस्रो गोल गरेपछि रियलले अग्रता अझ फराकिलो बनायो । ओसासुनाका मुनोजले इन्जुरी टाइममा गोल फर्काए पनि रियललाई जितबाट रोक्न सकेन ।जितपछि रियलले २९ खेलबाट ७२ अंक जोडेको छ ।समान खेलबाट ६२ अंक जोडेको जिरोना दोस्रो स्थानमा छ । गेटाफेसँग जिरोना १-० ले पराजित भएपछि रियललाई त्यसको फाइदा पुगेको हो ।

# पाकिस्तानी पूर्वप्रधानमन्त्री खानविरूद्धको मानहानि मुद्दा खारेज

एएनआई

इस्लामावाद । पाकिस्तानका पूर्व प्रधान न्यायाधीश इफ्तिखार मोहम्मद चौधरीले पूर्वप्रधानमन्त्री इमरान खानविरुद्ध २० अर्ब पाकिस्तानी रुपैयाँ विगो दावीसहित दायर गरेको मानहानिको मुद्दालाई



इस्लामाबादको एक जिल्ला अदालतले शनिबार खारेज गरेको छ ।

जुलाई २०१४ मा चौधरीले इमरान खानलाई सन् २०१३ को आम चुनावमा धाँधली गरेको र उहाँद्वारा सार्वजनिक एक वक्तव्यमा आफूविरुद्ध अपमानजनक टिप्पणी गरेको आरोप लगाउँदै २० अर्ब पाकिस्तानी रुपैयाँ विगो दावीसहित मानहानिको सूचना जारी गर्नुभएको थियो ।

खानले आफ्नो भनाइका लागि माफी नमागे कानुनी प्रक्रिया सुरु गर्ने चेतावनी उक्त सूचनापछि चौधरीको कानुनी टोलीले दिएको थियो । चौधरीले जनवरी २०१५ मा औपचारिक रूपमा मुद्दा दर्ता गर्नुभएको थियो । मुद्दामा पाकिस्तानका पूर्व प्रधान न्यायाधीशले २७ जुन २०१४ मा इमरान खानद्वारा सार्वजनिक एक वक्तव्यमा आफूविरुद्ध अपमानजनक टिप्पणी गरेको आरोप लगाउनुभएको थियो ।

द एक्सप्रेस ट्रिब्यूनको रिपोर्टअनुसार लामो प्रक्रियापछि अदालतले इमरान खानको पक्षमा फैसला सुनाएको छ र चौधरीद्वारा दायर गरिएको मुद्दा खारेज गर्दै मानहानिको सूचना हद नागेपछि जारी गरिएको बताएको छ । न्यायाधीश हसिना सकलैनले आफ्नो फैसलामा भन्नुभएको छ, “मुद्दाअनुसार अन्तिम कथित मानहानिपूर्ण बयान सन् २०१४ जुन २७ मा गरिएको थियो र मुद्दा सन् २०१५ को जनवरी २० मा दायर गरिएको थियो । मुद्दा दायर गर्दा छ महिना २४ दिन हद नागिसकेकोले मुद्दालाई खारेज गरिएको छ ।”

अदालतले मानहानिसम्बन्धी सामग्री प्रकाशित भएको मितिले छ महिनाभित्र मानहानि मुद्दा दायर गर्नुपर्ने र त्यसो गर्न नसके मानहानि अध्यादेश २००२ को दफा १२ अनुसार मुद्दा गर्न नमिल्ने उल्लेख गरेको छ ।

सन् २०२२ को अप्रिलमा अविश्वासको प्रस्तावमार्फत सत्ताच्युत भएयता पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) का संस्थापक नेता तथा पूर्वप्रधानमन्त्री खानले थुप्रै कानुनी चुनौतीको सामना गर्दै आउनुभएको छ । उहाँ हाल रावलपिण्डीस्थित पाकिस्तानी केन्द्रीय कारागारमा हुनुहुन्छ ।

# अफगानिस्तानको सडक दुर्घटनामा परी २१ जनाको मृत्यु, ३८ घाइते

एएफपी

काबुल । अफगानिस्तानको दक्षिणी हेल्मान्ड प्रान्तमा आइतबार एउटा बस र तेल ट्याङ्कर एकआपसमा ठोक्किँदा २१ जनाको मृत्यु हुनाका साथै ३८ जना घाइते भएका प्रान्तीय अधिकारीले बताएका छन् ।

हेरात शहरबाट




राजधानी काबुलतर्फ जाँदै गरेको यात्रुबाहक बस दुई जना सवार मोटरसाइकलसँग ठोक्किँदा दुवै जनाको मृत्यु भएको हेलमान्डस्थित ट्राफिक प्रहरी स्रोतले जानकारी दिएको छ । त्यसैगरी, दक्षिणी शहर कान्दाहारबाट हेराततर्फ जाँदै गरेको तेल ट्याङ्करसँग बस ठोक्किँदा दुबै सवारी साधनको गति अनियन्त्रित भई दुर्घटना हुनपुगेको हो । अफगानिस्तानमा खराब सडक, चालकको लापर्बाही र सडक कानुनको नियमनको कमीका कारण बर्षेनी हजारौं मानिसले ज्यान गुमाउने गरेका छन् ।

प्रान्तीय सूचना विभागले सामाजिक सञ्जाल ‘एक्स’ मा पोष्ट गरेको विज्ञप्तिमा भनिएको छ, “आइतबार बिहान एउटा ट्याङ्कर, मोटरसाइकल र यात्रुबाहक बस एकआपसमा ठोक्किँदा २१ जनाको मृत्यु भएको छ भने ३८ जना घाइते भएका छन् ।”हेल्मान्ड प्रान्तको ग्रिस्क जिल्लामा हेरात-कान्दाहार राजमार्गमा उक्त दुर्घटना भएको हो ।हेलमान्डको गभर्नर कार्यालयका प्रवक्ता मोहम्मद कासिम रियाजले एएफपीलाई बताएअनुसार उक्त दुर्घटनाका कारण ती सवारी साधनहरू जलेका थिए ।

सूचना विभागले सामाजिक सञ्जालमा साझा गरेको तस्बिरमा राजमार्गमा छरिएर रहेका मृतक र जलेका गाडीका अवशेष देख्न सकिन्छ ।अधिकारीका अनुसार अहिलेउद्धारतथासफाईकर्मीहरूलाई भग्नावशेष हटाउने काममा लगाइएको छ । घाइतेमध्ये ११ जना गम्भीर घाइते भएका छन् भने २७ जना सामान्य घाइते भएका छन् ।सन् २०२२ डिसेम्बरमा अफगानिस्तानको उच्च पहाडी क्षेत्र ‘सलाङ पास’ मा तेल ट्याङ्कर पल्टिएर आगलागी हुँदा ३१ जनाको मृत्यु हुनाका साथै दर्जनौं घाइते भएका थिए ।

# म्यानचेष्टर सिटी एफए कपको सेमिफाइनलमा



काठमाण्डु । बर्नार्डो शिल्भाको दुई गोल मद्दतमा न्यूक्यासल युनाइटेडलाई २-० ले पराजित गर्दै म्यानचेष्टर सिटी एफए कपको सेमिफाइनलमा प्रवेश गरेको छ ।

घरेलु मैदान एतिहाड स्टेडियममा भएको खेलमा बर्नार्डोले पहिलो हाफमै दुई गोल गरेका थिए । उनले १३औं मिनेटमा गोल गर्दै सिटीलाई अग्रता दिलाएका थिए भने ३१औं मिनेटमा दोस्रो गोल गरेका थिए ।

त्यसपछि भने दुवै टिमबाट गोल हुन सकेन । पेप ग्वार्डिओलाको टिम सिटी गत सिजनको जस्तै ट्रेबल उवाधि जित्ने होडमा कायम छ । सिटीले गत सिजन च्याम्पियन्स लिग, प्रिमियर लिग र एफए कपको उपाधि जितेको थियो ।

# हाइटीमा फसेका आफ्ना नागरिकलाई उद्धार गर्ने अमेरिकी तयारी

एएफपी

वासिङ्टन । क्यारेबियन मुलुक हाइटीमा हप्तौंदेखि जारी हिंसात्मक झडपपछि संयुक्त राज्य अमेरिकाले हाइटीबाट आफ्ना नागरिकको उद्धारका लागि चार्टर उडानको व्यवस्था गर्न लागेको अमेरिकी दूतावासले आइतबार जनाएको छ ।



राजधानी पोर्ट-ओ-प्रिन्सको मुख्य विमानस्थल अशान्तिका कारण बन्द रहेकाले हाइटीको दोस्रो ठूलो शहर क्याप-हाइटियनबाट आपतकालीन उडान हुनेछ ।हाइटीस्थित अमेरिकी दूतावासले आफ्नो वेबसाइटमा पोस्ट गरेको सुरक्षा चेतावनीमा भनिएको छ, “क्याप-हाइटियनको सुरक्षा अवस्था स्थिर रहने ठानेर हामी क्याप-हाइटियनबाट संयुक्त राज्य अमेरिकामा अमेरिकी नागरिकका लागि चार्टर उडानको व्यवस्था गर्दैछौं ।”दूतावासका अनुसार क्याप-हाइटियनस्थित विमानस्थललाई उडानका आवश्यकता अनुसार समय समयमा खुला गरिएको छ ।

उद्धारका लागि कुनै मिति घोषणा गरिएको छैन र कति जना अमेरिकीहरू उडान भर्न सक्षम हुनेछन् भन्ने स्पष्ट बताइएको छैन ।अमेरिकी दूतावासले पोर्ट-ओ-प्रिन्सदेखि क्याप-हाइटियनसम्मको करिब २०० किलोमिटर सडक मार्ग यात्राका लागि जोखिमपूर्ण’ भएको चेतावनी दिँदै आफ्ना नागरिकहरूलाई भनेको छ, “यदि तपाईं क्याप-हाइटियन विमानस्थलसम्म सुरक्षित रूपमा पुग्नसक्ने विश्वास लागेमा मात्र यात्रा तय गर्नुहोला ।”

अमेरिकाले गत आइतबार पोर्ट-ओ-प्रिन्सस्थित आफ्नो दूतावासबाट गैर-आवश्यक अमेरिकी कर्मचारीहरूलाई विमानमार्फत उद्धार गरेको थियो ।सङ्कटका कारण अन्य धेरै देश र युरोपेली सङ्घले कूटनीतिक अधिकारीहरूलाई फिर्ता पठाएका छन् ।संयुक्त राष्ट्रसङ्घले पनि अत्यावश्यक बाहेकका कर्मचारीलाई बाहिर निकाल्ने बताएको छ ।हाइटीस्थित संयुक्त राष्ट्रसङ्घीय मिसनले बुधबार छिमेकी डोमिनिकी गणतन्त्रबाट हाइटीका लागि ‘एयरब्रिज’ को व्यवस्था गर्ने घोषणा गरेको छ ।

अलोकप्रिय र अनिर्वाचित नेता प्रधानमन्त्री एरियल हेनरीलाई सत्ताच्युत गर्ने लक्ष्यका साथ सशस्त्र समूहले विगत दुई हप्तादेखि आक्रमण थालेपछि हाइटी विद्रोहको चपेटामा परेको छ ।अमेरिका, संयुक्त राष्ट्रसङ्घ र क्यारेबियन प्रतिनिधिलगायत पक्षलाई एकै ठाउँमा ल्याउने आपतकालीन बैठकपछि हेनरी ले पद छोड्न सहमत हुनुभएको थियो । यसअघि शनिबार प्रहरीले कुख्यात गिरोहका नेता जिम्मी ‘बारबेक्यू’ चेरिजियरको नियन्त्रणमा रहेको पोर्ट-ओ-प्रिन्स इलाकामा बन्दुक जफत गर्नुका साथै अवरोध हटाएको अधिकारीहरूले बताएका थिए ।

# हरियाणास्थित कारखानामा बोइलर विस्फोट हुँदा करिब ४० जना घाइते

एएनआई

रेवारी ।हरियाणाको रेवारीमा रहेको कारखानामा शनिबार साँझ बोइलर विस्फोट हुँदा करिब ४० जनाको मृत्यु भएको स्थानीय अधिकारीले बताएका छन् । घटना रेवारी सहरको धरुहेडास्थित कारखानामा भएको हो ।



“रेवारीको धरुहेडास्थित कारखानामा बोइलर विस्फोट भएको हो। हामीले अस्पतालहरूमा खबर गरेर एम्बुलेन्स घटनास्थलमा पठाइसकेका छौं। विस्फोटमा करिब ४० जना घाइते भएका छन् भने गम्भीर घाइते एक जनालाई उपचारका लागि रोहतक पठाइएको छ“, शल्य चिकित्सक डा सुरेन्द्र यादवले भन्नुभयो।

घाइतेहरूको हाल रेवारीस्थित सर सदिलाल ट्रमा सेन्टरमा उपचार भइरहेको छ । विस्फोटमा कोही हताहत नभएको बताइएको छ । घटनाको जानकरी पाएलगत्तै प्रहरीको टोली घटनास्थलमा पुगेर घाइतेहरूलाई रेवारीस्थित ट्रमा सेन्टरमा भर्ना गरिएको थियो ।

“हामीले धरुहेडाको कारखानामा बोइलर विस्फोट भएको जानकारी पाएका छौं। घाइतेहरूको रेवारीस्थित ट्रमा सेन्टरमा उपचार भइरहेको छ। गम्भीर घाइतेहरूलाई उपचारका लागि रोहतक पठाइएको छ । हालसम्म कुनै मृत्युको खबर आएको छैन“, नगर प्रहरी चौकीका प्रमोद कुमारले बताउनुभयो।

# विश्व स्वास्थ्य संगठनका प्रमुखद्वारा रफाहमाथिको आक्रमण रोक्न आग्रह

सिन्ह्वा

जेनेभा । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) का प्रमुखले गाजाको सबैभन्दा दक्षिणी शहर रफाहमा भइरहेको स्थलगत आक्रमण रोक्न इजरायललाई आग्रह गर्नुभएको छ । डब्ल्यूएचओका प्रमुख टेड्रोस अधानोम गेब्रेयेससले ट्वीटरमार्फत जारी सन्देशमा लेख्नुभएको छ, “रफाहमाथि इजरायलले स्थलगत आक्रमण गर्ने योजनाले मलाई निकै चिन्तित तुल्याएको छ ।




उहाँले भन्नुभयो, “घना बस्ती भएको यस क्षेत्रमा हिंसाको थप वृद्धिले धेरैको मृत्यु र पीडा निम्त्याउनेछ । विशेषगरी स्वास्थ्य संस्थाहरू पहिले नै क्षमताभन्दा बढी सेवा दिन बाध्य भइरहेका छन् । आक्रमणपछि यहाँको स्वास्थ्य अवस्था थप अस्तव्यस्त हुनेछ ।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले शुक्रबार रफाहमा आक्रमण गर्ने योजनालाई अनुमोदन गर्नुभएको छ ।डब्ल्यूएचओ प्रमुख टेड्रोसले यो मानवीय विपत्तिलाई अझ खराब हुन दिनु नहुने बताउँदै इजरायललाई सैन्य अभियान अघि नबढाउन र ‘मानवताको लागि’ शान्तिको बाट तय गर्न आग्रह गर्नुभएको छ ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट



टुडे समाचारदाता

काठमाण्डु । यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ। आइतबार नेप्से परिसूचक १० दशमलव ६२ अङ्कले घटेर दुई हजार ७० दशमलव २५ को बिन्दुमा कायम भएको छ ।आइतबार तीन सय चार कम्पनीको ८४ लाख छ हजार ७६ कित्ता शेयर ६३ हजार नौ पटक खरिदबिक्री हुँदा रू तीन अर्ब ३८ करोड ७९ लाख ८० हजार तीन सय ८४ बराबरको कारोबार भएको छ।

आइतबार विकास बैंक समूह शून्य दशमलव ८२, वित्त समूह शून्य दशमलव ६२ र उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव २ ९ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ ।बैंकिङ शून्य दशमलव ६२, होटल तथा पर्यटन एक दशमलव ५६, जलविद्युत् एक दशमलव १६, लगानी शून्य दशमलव ५९ र जीवन बीमा शून्य दशमलव १९ प्रतिशतले घटेको छ । त्यसैगरी, लघुवित्त समूह शून्य दशमलव ०३, म्युचुअल फन्ड शून्य दशमलव ४०, निर्जीवन बीमा शून्य दशमलव २२, व्यापार शून्य दशमलव ४३ र अन्य समूह एक दशमलव ०६ प्रतिशतले घटेको छ।

स प्त को शी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने गुँरास लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ५६ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सात दशमलव ८३ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू ४१ करोड ६४ लाख १७ हजार छ सय ८० बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको सात लाख ४७ हजार आठ सय ७७ कित्ता शेयर किनबेच भएको छ।

# अर्थतन्त्र शिथिल छ, तर सङ्कटमा नरहेको अर्थमन्त्रीको भनाई

टुडे समाचारदाता

काठमाण्डु । अर्थमन्त्री वर्षमान पुनले मुलुकको अर्थतन्त्र केही शिथिल देखिएको भए पनि सङ्कटको अवस्थामा भने नपुगेको बताएका छन् । नागरिक लगानी कोषको ३४औँ वार्षिकोत्सवको अवसरमा आइतबार यहाँ आयोजित कार्यक्रममा उनले अर्थतन्त्र सङ्कट बाहिर रहेको दाबी गरे ।

नेपालको बाह्य क्षेत्रमा निकै सुधार देखिएको अर्थमन्त्री पुनको भनाइ छ । यद्यपि सार्वजनिक वित्तको क्षेत्रमा भने केही संरचनागत समस्या अझै बाँकी रहेको उनले स्वीकारे । मुलुकको अर्थतन्त्र धराशायी भएको भनेर नकारात्मक प्रचार बढी हुँदा बजारमा त्यसको असर देखिएको उनको भनाइ छ ।

"एक वर्षभन्दा बढीको वस्तु तथा सेवा आयात धान्नसक्ने विदेशी मुद्रा सञ्चिति हामीसँग छ । विप्रेषण आप्रवाह राम्रो छ । बैंक वित्तीय संस्थामा पर्याप्त तरलता छ । अब विस्तारै लगानी पनि बढ्छ", अर्थमन्त्री पुनले भने । बाह्य क्षेत्र र खासगरी भुक्तानी सन्तुलन बिग्रिँदा केही समयअघि नेपालको अर्थतन्त्रलाई श्रीलङ्काको जस्तै धराशायी हुन लागेको भनेर आलोचना भइरहेकामा अहिले बाह्य क्षेत्र निकै मजबुद बनेको उनले बताए ।

"गत वर्ष सात महिनाका लागि मात्रै आयात धान्ने विदेशी मुद्रा सञ्चिति नहुँदा हामी श्रीलङ्का जस्तै हुन्छौँ भनिएको थियो । सो समयमा पनि सरकारले हामी त्यति खराब अवस्थामा छैनौँ भनेर आस्वस्त पारिरहेको थियो", अर्थमन्त्री पुनले भने । अर्थतन्त्रका सूचक सकारात्मक भए पनि बजारको मानसिकता अझै सुध्रिन नसकेकामा उनले



चिन्ता व्यक्त गरे ।

सकारात्मक सोच र आत्मविश्वास हुने हो भने लगानी बढ्ने र त्यसले अर्थतन्त्र वृद्धिमा सहयोग पुऱ्याउने अर्थमन्त्री पुनको भनाइ छ । सरकारले यसअघि अवलम्बन गरेका र पूर्वअर्थमन्त्रीले ल्याएका सकारात्मक नीति तथा योजनालाई आफूले पनि निरन्तरता दिने उनले विश्वास दिलाए ।

विगतमा अर्थतन्त्रमा देखिएका सङ्कुचनका कारण लिइएका कडा नीतिलाई बिस्तारै खुकुलो बनाउँदै लगिने धारणा अर्थमन्त्री पुनले राखे । यसबारे विषयगत मन्त्रालय र विभिन्न निकायसँग छलफल भइरहेको उनले जानकारी दिए । पछिल्लो समय धितोपत्र बजारमा सुधारका सङ्केत देखिएको भन्दै यसले बजार चलायमान गर्न सहयोग पुऱ्याउने उनको भनाइ छ ।सेवा प्रवाहमा सहजताका लागि सबै पक्ष र निकाय जवाफदेही हुनुपर्नेमा मन्त्री पुनले जोड दिए । "राजनीतिक नेतृत्वका समस्या छन् । राजनीतिक शुद्धीकरण जरुरी छ भनेर हामी आफैँले पनि ठानेका छौँ । हाम्रा सार्वजनिक निकायमा प्रशासनिक सुधारको आवश्यकता छ", पुनले भने । नागरिक लगानी कोषलाई थप व्यावसायिक बनाउन र कोषमा जम्मा भएको रकमलाई उत्पादनमूलक क्षेत्र, ठूला पूर्वाधार निर्माण र रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न पनि मन्त्री पुनले निर्देशन दिए । कोषको रकम उत्पादन, उत्पादकत्व र रोजगारीको अवसर सिर्जना गर्ने क्षेत्रमा परिचालन गरी राष्ट्रिय पुँजी निर्माणका लागि काम गर्न सक्नुपर्ने उनको भनाइ छ ।कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले कोषले बचत परिचालन गरी राष्ट्रिय पुँजी निर्माणको आधार तय गर्न महत्वपूर्ण भूमिका खेलेको बताए । कोषले आफ्नो व्यवसाय विस्तार, प्रतिफल योग्य लगानी, जोखिम व्यवस्थापनलगायतका

> "एक वर्षभन्दा बढीको वस्तु तथा सेवा आयात धान्नसक्ने विदेशी मुद्रा सञ्चिति हामीसँग छ । विप्रेषण आप्रवाह राम्रो छ । बैंक वित्तीय संस्थामा पर्याप्त तरलता छ । अब विस्तारै लगानी पनि बढ्छ ।

क्षेत्रमा योजनाबद्ध ढङ्गले काम गरिरहेको उनको भनाइ छ।

लगानीलाई विविधीकरण गर्ने, जोखिम विश्लेषण गर्दै प्रतिफल योग्य क्षेत्रमा लगानी विस्तार गर्ने, राज्यले प्राथमिकतामा राखेका पूर्वाधारका क्षेत्रमा लगानी बढाउने, कोषका कामलाई थप प्रविधिमैत्री बनाउने र सेवा प्रवाहलाई सहज बनाउँदै लैजाने गरी काम गरिरहेको कार्यकारी निर्देशक कार्कीले दाबी गरे ।

वैदेशिक रोजगारीमा रहेका नागरिकलाई कोषका कार्यक्रममा आबद्ध गराउन अध्ययन सुरु भएको कार्कीले जानकारी दिए । उनका अनुसार चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा कोषको खुद मौज्दात रू दुई खर्ब ४० अर्ब ५१ करोड रहेको छ भने यो अवधिमा कोषले विभिन्न क्षेत्रमा रु दुई खर्ब ३५ अर्ब पाँच करोड बराबर लगानी गरेको छ।

## औषधि लिमिटेडले थप तीन औषधि उत्पादन गर्दै

टुडे समाचारदाता

काठमाण्डु । नेपाल औषधि लिमिटेडले आइतबारदेखि थप तीन प्रकारका औषधि उत्पादन सुरु गरेको छ। लिमिटेडका महाप्रबन्धक कैलाशकुमार पनेरुले आइतबारदेखि सेन्ट्रिमाइन, एमजीट र एमजिट-डिएफ नामका औषधि उत्पादन सुरु गरेको जानकारी दिए।

तीनै वटा औषधि ट्याबेलटमा छन् । एउटा औषधि दैनिक डेढलाख ट्याबलेट उत्पादन गर्ने उनको भनाइ छ। यसअघि लिमिटेडले जीवनजल, सिटामोल, फोलिक एसिड, हेमाडायलासिसका दुई प्रकार (झोल र प्याकेटमा), ग्लिसिरिन, डिस्टिल वाटर र स्यानिटाइजरलगायत उत्पादन गरिरहेको थियो। "सरकारले आर्थिक सहयोग गरेको खण्डमा हामी थप अरु औषधि पनि उत्पादन गर्न सक्छौँ", उनले भने। महाप्रबन्धक पनेरुले सरकारले २० प्रकारका औषधि उत्पादनका लागि रु २४ करोड बजेट बिनियोजन गर्ने भने पनि सो बजेट प्राप्त नहुँदा औषधि उत्पादनमा समस्या भएको बताए।

विस २०२९ मा स्थापना भएको लिमिटेडले कुनै समय एक सय २० प्रकारका औषधि उत्पादन गर्दथ्यो । तर २०६२ सालमा उत्पादन बन्द भएपछि २०७४ सालमा पुनः सिटामोल उत्पादन गरी लिमिटेड सञ्चालनमा ल्याइएको हो। हाल आइतबारदेखि सुरु तीन प्रकारकासहित लिमिटेडबाट उत्पादन हुने औषधिको संख्या ११ पुगेको छ।

# उखु किसान उत्साहित

टुडे समाचारदाता

गल्याङ । परम्परागत रूपमा उखु खेती गर्दै आएका स्याङ्जाको कालीगण्डकी गाउँपालिका-५ लुङ्सिङका किसान प्रविधिको प्रयोग गर्न पाउँदा उत्साहित भएका छन् । गोरु नारेर उखु पेल्दै आएका यहाँका किसानलाई गाउँपालिकाले अनुदानमा उखु पेल्ने मेसिन दिएपछि किसानले सहज महसुस गरेका छन् ।

परम्परागत शैलीमा उखुखेती गर्दा, पेल्दा अत्यन्त झन्झटिलो, श्रम र समयको खर्च बढी भएपछि यहाँका किसान उखुखेतीबाट बिमुख हुँदै गएको अवस्थामा गाउँपालिकाले उखु पेल्ने आधुनिक उपकरण, खेतीसम्बन्धी तालिम दिएपछि पुरानै पेसामा फर्कनेको सङ्ख्या बढ्दै गएको छ। लुङ्सिङका १५ घरपरिवार उखुखेतीमा आवद्ध छन् ।

यहाँका किसानले करिब एक सय वर्षदेखि उखुखती गर्दै आएका छन् । खुदो बनाएर आम्दानी लिनु यहाँका किसानको मुख्य पेसा हो। स्थानीय भुवानन्द न्यौपानेले गोरु नारेर उखु पेल्दाश्रम र समयको खर्च हुने भएकाले उखु खेतीतर्फ जागर हराउँदै गएको स्मरण गरे। गाउँपालिकाले उखु पेल्ने मेसिन दिएपछि भने आफूहरूमा उत्साह थपिएको बताए।



"परम्परागत रूपमा उखु पेल्दा दिनैभरी लाग्थ्यो । मेसिनमा भने दिनभरको काम एकै घण्टामै हुने भएको छ", उनले भने, "गाउँपालिकाले यहाँका किसानलाई उखुखेतीसम्बन्धी तालिमसमेत दिएको छ। यहाँका सबै किसानको मनस्थिति उखुखेती विस्तार गर्दै लैजाने छ।"

बाउबाजेको सिको गर्दै उखुखेती गरिरहेका यहाँका किसान प्रविधिको ज्ञानको अभावमा विस्थापित हुने अवस्थामा पुगेका थिए । "खेतीलगाउन त्यति गाह्रो छैन । तर रसबाट खुदो बनाउन अत्यन्त मेहनत लाग्छ। ठूला ठूला मुडा, काठ दाउरा जङ्लबाट ल्याउन, पकाउन निक्कै गाह्रो छ", न्यौपानेले थपे , "खुदो बनाउन श्रम बढी खर्च हुने हुँदा युवाको आकर्षण यो पेसातर्फ त्यत्ति देखिँदैन।"

"गुल्मीको थोर्गाबाट बीउ ल्याएर बाउबाजेले यहाँ उखुखेती सुरु गर्नुभएको हो भन्ने सुन्दै आएका छौँ", उनले भने, "एक पाथी खुदो उत्पादन गर्न नौ पाथी रस आवश्यक पर्छ। बजारको कुनै समस्या छैन। रु दुई सयमा एक माना घरबाटै बिक्री हुन्छ।" न्यौपानेले दुई रोपनी जमिनमा उखु लगाएका छन् । उनले सिजनअनुसार धान मकै कोदो उत्पादन तथा बाख्रापाल्नु भएको छ।

यहाँका किसानले खुदो बिक्रीबाट वार्षिक एकदेखि पाँच लाखसम्म कमाइगर्दै आएका छन् । भुवानन्दले पनि यसवर्ष पाँच सय माना खुदो उत्पादन गरेको सुनाए । खेतीगर्ने आधुनिक प्रविधि, खुदो पकाउने बिजुली मेसिन सरकारबाट पाए आफूहरूले सही सदुपयोग गर्ने उनको भनाइ छ। किसान रुकमागत न्यौपानेले पनि चार रोपनी जमिनमा उखु खेतीगर्दै आएका छन्। उनले खुदो बिक्रीबाट वार्षिक दुई लाख ५० हजारसम्म आम्दानी गर्ने गरेको सुनाए। रुकमागतले उखु खेतीलाई कहिले काहीँ कीराले सताउने गरेको गुनासो गरे । उनले पनि धान, गहुँ मकै खेतीसँगै बाख्रापालन गरेका छन् ।

किसान नन्दलाल न्यौपानेले उखु खेतीबाट राम्रो आम्दानी हुने बताए । "म जान्ने हुँदादेखि हाम्रोमा उखुखेती थियो । यसैबाट घरखर्च चलेको थियो", उनले भने, "उखुबाट किसानलाई राम्रो फाइदा हुन्छ ।" उनी बाँझो जग्गामा उखु लगाउन सबैलाई सुझाव पनि दिन्छन् । यसवर्ष करिब १५ हजार लिटर खुदो उत्पादन गर्ने लुङ्सिङवासीको लक्ष्य छ।

# रैथाने बाली जोगाउन कार्यक्रम

टुडे समाचारदाता

मान्म । कालीकोटको सान्नी त्रिवेणी गाउँपालिकाले रैथाने बाली प्रवर्द्धन गर्नका लागि 'भकारो तथा गोठ सुधार' कार्यक्रम सञ्चालन गरेको छ । रैथाने बाली मकै, कोदो, फापर, चिनो, कागुनोलगायतको उत्पादन वृद्धि गर्न गाउँपालिकाले उक्त कार्यक्रम सञ्चालन गरेको हो।



सुधारिएको गोठ निर्मासँगै रैथाने बालीमा गोबरको प्रयोग गर्नका लागि भकारो सुधार कार्यक्रम सञ्चालन गरिएको गाउँपालिका कार्यालयले जनाएको छ।

हालसम्म ८३ वटा सुधारिएको गोठ निर्माण गरिसकिएको गाउँपालिकाका कृषि प्राविधिक नारायणप्रसाद लम्सालले जानकारी दिए। "अब १० गोठ निर्माणको चरणमा छन्", उनले भने, "५० प्रतिशत अनुदानमा गाउँपालिकाले किसान समूह, कृषि सहकारी, कृषि फार्ममार्फत गोठ निर्माण गरिरहेको छ।" सुधारिएको गोठबाट मलमूत्र सङ्कलन गरी खेतबारीमा हाल्ने गरिएको लम्सालले बताए।

"स्थानीयस्तरमा उत्पादन हुने रैथाने बाली मकै, कोदो, फापर, चिनो, कागुनो लगायतको उत्पादन वृद्धि गर्नुका साथै ती बाली जोगाउने अभियानअन्तर्गत यो कार्यक्रम सञ्चालन गरिएको छ", उनले भने, "गाउँपालिकामा एक सय २५ समूह क्रियाशील छन्। ती समूहमार्फत बर्सेनि गोठ निर्माण गरिँदै आएको छ।"

चालु आर्थिक वर्षमा यसका लागि गाउँपालिकाले रू पाँच लाख र सङ्घीय सशर्त अनुदान रू २० लाख विनियोजन गरिएको प्राविधिक लम्सालले बताए । "भकारो सुधार गरी कुहिएर मलमा भएको खाद्य तत्व सुरक्षित रुपमा बालीमा प्रयोग गरेमा रासायनिक तथा विषादीको प्रयोग निरुत्साहित गर्न यसले प्रभावकारी भूमिका खेल्नेछ", उनले भने, "कार्यक्रमअन्तर्गत गाईभैंसी बाँधेको गोठदेखि कुलेसो बनाइ नजिकै खाडल निर्माण गरी मलमूत्र सङ्कलन गर्ने तथा मलखाद व्यवस्थापनको काम गरिनेछ।"

# चित्र कोरेर गुजारा

टुडे समाचारदाता

बेदकोट। कञ्चनपुरको बेलौरी नगरपालिका-२ बैजुडाँडाका ५५ वर्षीय तुलसीराम चौधरीले चित्र कोर्न थालेको दशकौं भइसक्यो । कक्षा २ मा अध्ययन गर्ने बेलादेखि चित्रकलाका सौखिन उनले यही सीपलाई जीविकोपार्जनको आधार बनाएका छन् ।



आफूले व्यावसायिक रुपमा चित्र कोर्न तथा भित्तेलेखन सुरु गरेको दुई दशकबढी समय भएको उनले सुनाउनुभयो। "विद्यालयमा छँदा गृहकार्य गर्न छोडेर चित्र बनाउथे । रातमा टुकी बालेर भारतीय अभिनेता गोविन्दा, सञ्जयदत्तको चित्र बनाएर दाईलाई देखाउथे", उनले भने, "चित्रकलाप्रति सानैदेखि इच्छा भएकाले यसतर्फ आकर्षित भएँ ।"तुलसीरामले चित्र बनाउनका लागि कुनै तालिम भने लिनुभएको छैन । विद्यालयमा चित्रकला प्रतियोगितामा प्रथम भएपछि यसप्रति झनै लगाव बढेको तुलसीराम चौधरीले बताए।

"सगरमाथामा नेपालको झण्डा फहराएको चित्र बनाएको थिएँ। देशको पहिचान झल्काएको भन्दै शिक्षक धेरै प्रशंसा गरे", विद्यालयमा छँदाको अनुभव सम्झँदै उनले भने, "त्यसबेला मलाई सगरमाथा विश्वकै अग्लो शिखरको भन्ने थाहैँ थिएन । दिमागमा त्यस्तै फुऱ्यो, बनाएँ ।" उहाँ चित्र कोर्ने कामका साथै खेती किसानीमा पनि संलग्न छन् । बेलौरी नगरपालिका-२ बैजुडाँडामा डेढ बिघा जमिनमा खेती गरिरहेको तुलसीरामले बताए । "फुर्सदको समयमा खेतीपाती गरिन्छ । चित्र तथा लेखनको काम आएपछि त्यो पनि छोडिदैन ।", उनले भने, "विगतभन्दा अहिले नयाँ प्रविधि आउनाले हस्तकलाको काम कम पाइन्छ।"

उनका अनुसार विगतमा मासिक रु ५० हजारभन्दाबढी कमाउन सकिन्थ्यो । प्रविधिको बढ्दो प्रयोगले हस्तकला हराउँदै गएको उनले बताए । विगतको तुलना काम कम पाइने भए पनि हाल दैनिक रु एक हजारसम्म आम्दानी भइरहेको उनको भनाइ छ।

"विगतमा सरकारी कार्यालय, पसल सबैतिर हातैले लेख्थे। अहिले डिजिटल मेसिन आइसके । विगतको भन्दा काम कम पाइन्छ", उनले भने, "त्यहीँ पनि दिनहुँ रु एक हजार भन्दा बढी आम्दानी हुने गर्छ ।"भित्तेलेखन तथा चित्र कोरेबापत प्रतिवर्ग फिट रु तीन सयदेखि पाँच सयसम्म शुल्क लिने गरिएको छ। तुलसीराम भारत्तोलनको खेलाडी पनि छन्।

# सुक्नथाले अलैँची बगान

टुडे समाचारदाता

ताप्लेजुङ । ताप्लेजुङको फक्ताङलुङ गाउँपालिका-४ लिङखिका शेरबहादुर लिम्बूको अहिले अलैँचीमा सिँचाइ गर्न व्यस्तता बढेको छ । लामो समय वर्षा नहुँदा अलैँचीबगान सुक्नथालेपछि बिहानबेलुका उनी अलैँची बगानमै भेटिन्छन् । सुख्खा मौसमका करणले अलैँची बगान सुक्नथालेपछि सोही गाउँपालिका–६ काविर्खबहादुर लिम्बू अलैँची बगानमै दिन बिताउन थाल्नुभएको छ। सिरिजङ गाउँपालिका–६ मामाङखेका हर्क माबो पनि अलैँचीमा सिँचाइ गर्नमै व्यस्त छन् ।



ताप्लेजुङका अलैँची किसान अचेल अलैँचीमा सिँचाइ गर्नमै व्यस्त छन्। लामो समयसम्म वर्षा हुनसकेको छैन । वर्षा नभएपछि अलैँची बगान सुक्न थालेका छन् । अलैँची सुक्न थालेसँगै किसानमा चिन्ता बढेको छ। समयमै सिँचाइ गर्न सकिएन भने अलैँची बगान नै सुक्ने शेरबहादुर लिम्बूले बताए । उनले भने- "अहिले १६ वटा स्प्रिङकल (सिँचाइ गर्ने मेसिन) घुमाइ राखेको छु। एक ठाउँबाट अर्कोमा सार्नमै व्यस्त छु।" यसवर्ष ताप्लेजुङको उच्च हिमाली क्षेत्रमा हिउँ न्यून मात्रामा परेको छ। वर्षा र हिमपात न्यून भएसँगै अलैँची बगानका लागि चिस्यानको समस्या भएको छ। हरियो देखिनुपर्ने बगान यतिबेला सुकेर रातै देखिन थालेका फुङ्लिङ नगरपालिका-६ सिद्धिडाँडाका कृष्ण गुरुङको भनाइ छ । आम्दानीको मुख्य स्रोत अलैँची नै सुक्नथालेपछि किसान चिन्तित बनेका छन्।

विगत वर्षमा पुसमा वर्षा र हिमाली क्षेत्रमा हिमपात हुने गर्दथ्यो । तर यसवर्ष भने ताप्लेजुङको हिमाली क्षेत्रमा खासै हिमपात भएन । हिमाली क्षेत्रमा हिमपात नहुँदा पानीको स्रोतमा पनि कमि हुँदै गएको किसान बताउँछन् । सिरिजङ-६ माङ्माखेका रनकुमार माबोको यतिबेला हरियो हुनुपर्ने बगान सुकेर रातो भएको छ । अर्को वर्ष उत्पादनमा ठूलो ह्रास आउन सक्ने उनको भनाइ छ । साउनदेखि मङ्सिर पहिलो सातासम्म टिपिसक्नुपर्ने अलैँचीमा त्यसपछि सिँचाइ गर्नुपर्छ। सम्भव हुनेले प्रत्येक बोटको फेदमा मल हालेर त्यसलाई भिजाउँछन् । जरामा चिस्यान रहोस् भनेर पतझड्ले छोप्ने र त्यसमा सिँचाइ गर्ने गरिन्छ।

यतिबेला जिल्लाका बेँसीदेखि लेकसम्मकै बालीनालीमा पानी नहुँदा असर परेको छ। वर्षाले टुसामा फूल खेल्न सहयोग गर्दछ र अर्को वर्षको उत्पादनमा वृद्धिमा सहयोग पुऱ्याउँछ। यतिबेला अलैँचीलाई पानीको अधिक आवश्यकता पर्छ।


## भूमिसुधार तथा मालपोत कार्यालय धनुषाको

## हकदाबि सम्बन्धि ३५ दिने सार्बजनिक सूचना

यसमा जिल्ला धनुषा साविक गा.वि.स. सुगानिकास वार्ड नं. ५ हाल झटियाही गा.वि.स वडा नं.३ परिवर्तित हँसपुर नगरपालिका वडा नं.८ मा बस्ने रोमन मंडल केवटको मिति २०६७/०३/१५ गते आफ्नो कालगतिले प्रलोक भई निजको एक मात्र श्रीमती सुटी देवीको पनी पतिको मृत्यू अगावै आफ्नो कालगतीले मृत्यू भईसकेको र निज मृत्कको मृत्यू पछी सवभन्दा नजिकको हकखाने हकदार निज दम्पतीबाट छोराको जाय जज्म नभएको एकमात्र विवाहीत रोरी जिवछी देवी मंडल केवट विवह पतीको घर ससुराल धनौजी वडा नं ६ मा वसोवास गरी हाल बसाइ सरार्क्ष गरी जि.ध. गा.वि.स. झटियाही वडा नं ३ हाल हँसपुर नगरपालिका वडा नं ८ मा बस्दै गरेकोले नजिकको हकखाने एकमात्र हकदार भएको हुँदा निज मृत्कको नाममा तपसिलमा रहेको जग्गा मेरो नाममा एकलौटी नामसारी गरी पाएँ भनी माग निवेदन भएको र सोही अनुसारको हंसपुर नगरपालिका ८ नं वडा कार्यालय को च.न.११६८ मिति २०८०/१०/१५ गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसार को सनाखत भएको ।

यसमा जग्गा धनी मृत्यू पश्चात हकखाने यि निवेदीका छोरी नाता पर्ने वाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यि निवेदीका को नाउँमा जग्गा नामसारी हन नपर्ने कुनै कारण भए, यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुसँग भएको सवुत प्रमाण लिई दावि उजूरि गर्न यस कार्यालमा आउनु होला। म्याद भित्र दावि उजूरी नपरी म्याद समाप्त भए पछी कानून वमोजिम मु.दे.स.२०७४ को परिच्छेद ११ को दाफा २३९ (१) वमोजिम भई जाने व्यहोरा सवैमा यसै सूचना द्वारा सुचित गरिएको छ।

**तपसिल**

| जिल्ला | गा.वि.स | वार्ड. नं. | कि.नं. | क्षे.फ | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | झटियाही | ८ | ४०८ | ०-१-०-० | |
| धनुषा | झटियाही | ३ग | १९० | ०-०-५-० | |

# एक दलको बहुमत नहुँदा देश समस्यामा : नेता पोखरेल




**टुडे समाचारदाता**

मलंगवा । नेकपा (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले कुनै एक दलको बहुमत नहुँदा देशको विकास नभइ समस्यामा परेको बताएका छन् । बरहथवामा आइतबार एमाले सर्लाहीको प्रथम प्रतिनिधि परिषद् बैठकलाई सम्वोधन गर्दै उनले सो कुरा बताएका छन् ।

वरिष्ठ उपाध्यक्ष पोखरेलले अहिले कुनै पनि राजनीतिक दलसँग एकल बहुमत नहुँदा राजनीतिक स्थिरता कायम नभएको चर्चा गरे । "कुनै दलसँग बहुमत नभएकाले अहिलेको स्थिति आएको छ" उनले भने, "राजनीतिक स्थिरता कायम नभएसम्म यही अवस्था रहिरहन्छ ।" उनले ६-६ महिनामा सरकार फेरिने समस्या दुःखद् रहेको बताए । पोखरेलले २०८४ को निर्वाचनमा एमालेलाई एकल बहुमत दिलाउन सहयोग गर्न आग्रह गरे ।

आगामी निर्वाचनमा एमालेको लक्ष्य एकल बहुमत ल्याउने रहेकाले पार्टीका कार्यकर्तालाई जनतामाझ समस्या सुन्ने र समाधान गर्ने काममा केन्द्रित हुन वरिष्ठ उपाध्यक्ष पोखरेलले निर्देशन दिए । उनले एमाले मजबुद भएपछि देशले निकास पाउने दावी गरे ।

एमाले सचिव एवं मधेश प्रदेशका इन्चार्ज योगेशकुमार भट्टराईले आगामी निर्वाचनमा मधेश प्रदेशमा एमालेको उपस्थिति अझ बलियो हुने दावी गरे । कार्यक्रममा एमाले नेतृ तथा कृषि तथा पशुपन्छी विकासमन्त्री ज्वालाकुमारी साह, रक्षामन्त्री हरिप्रसाद उप्रेती, मधेश प्रदेशका अध्यक्ष चन्देश्वर मण्डल, केन्द्रीय सदस्य कल्पनाकुमारी कटुवाल, जिल्ला अध्यक्ष राजनारायण साहलगायतले सम्वोधन गरेका थिए ।

कार्यक्रममा एमाले सर्लाहीको राजनीतिक, साङ्गठनिक र आर्थिक प्रतिवेदन प्रस्तुत गरिएको छ । एमाले सर्लाहीले आसन्न नवौं जिल्ला अधिवेशनको तयारीस्वरुप आइतबार जिल्लाभरका अगुवा नेता, कार्यकर्ताको उपस्थितिमा प्रथम प्रतिनिधि परिषद् बैठक सम्पन्न गरेको छ ।

# फतुवा विजयपुरमा शिक्षकको आन्दोलन स्थगित

**टुडे समाचारदाता**

गौर । तलबको माग गर्दै आन्दोलनमा उत्रिएका रौतहटको फतुवा विजयपुर नगरपालिकाका शिक्षकहरूले धर्ना स्थगित गरेका छन् । आन्दोलनरत शिक्षक र नगरपालिकाबीच सहमति भएसँगै शिक्षकहरूले जारी राखेको धर्नाको कार्यक्रम स्थगित गरिएको छ ।

नेपाली कांग्रेस जिल्ला सभापति तथा रौतहट निर्वाचन क्षेत्र ३ का प्रदेश सांसद सुनिल यादव (जितेन्द्र)को पहलमा कार्यवाहक नगर प्रमुख अम्बेया खातुन, प्रमुख प्रशासकीय अधिकृत उपसचिव सुरेन्द्र प्रधान र आन्दोलनरत शिक्षकको बिचमा होली पर्व अगावै सम्पूर्ण शिक्षक तथा कर्मचारीहरूको तलव उपलब्ध गराउने सहमति भएको शिक्षक संघका नगर अध्यक्ष राधेश्याम यादवले बताए ।

सोही सहमतिको आधारमा फतुवा विजयपुर नगरक्षेत्र अन्तर्गतको ३२ वटै विद्यालयमा कक्षा १ देखि ९ सम्मको वार्षिक परीक्षा आइतवार १ दिन स्थगित गरिएको माबि विजयपुरको प्रधानाध्यापक शंकर राय यादवले जानकारी दिए ।

सोमबारदेखि सम्पूर्ण विद्यालयमा परीक्षा सञ्चालन गर्ने र छुटेका विषयको अन्तिममा परीक्षा लिने सहमति भएको उनले बताए। फतुवा विजयपुर नगरक्षेत्र अन्तर्गतका ३२ विद्यालयका शिक्षा, कर्मचारी र अन्य क्षेत्रका कर्मचारी गरी ३५० जनाले गत साउन देखि हालसम्म तलब नपाएको कारण गत बुधबार देखि नगरपालिका अगाडी धर्नामा बस्दै आएका थिए।

# होलीको रङमा रङ्गिए परिक्रमायात्री

**टुडे समाचारदाता**

जलेश्वर । "किनकाके हात कनक पिचकारी, किनकाके हात अबिर झोरि, हो अविर झोरि, मिथिलामे राम खेलयै होरि हो मिथिलामे राम खेलयै होरी । राम जीके हाथ कनक पिचकारी, सिया जि के हात अविर झोरि हो अविर झोरी मिथिलामे राम खेलयै होरि हो मिथिलामे राम खेलयै होरी ।"

मैथिली भाषाको यो होलीको गीत गाउँदै मिथिला माध्यमिकी परिक्रमावासी रङ अविर र गुलाल उडाउँदै होली खेलेपछि महोत्तरीको कन्चनवन अहिले होलीमय बनेको छ । सबेको अनुहार रङ्गीचङ्गी छन्, कसैको रातो, कसैको हरियो, कसैको पहेलो रङ र गुलालले शरीर नै रङ्गीन देखिएको छ ।

जता हेऱ्यो उतै रङ अविर र गुलाल उडिरहेको मनमोहक दृश्यहरु हेर्न पाइन्छ । गृहस्थ, साधु सन्त र महन्थलगायत कन्चनवनका स्थानीय सबै अहिले एक आपसमा रङ अविर र गुलाल दल्दै, उडाउँदै खुशियाली साटासाट गर्न व्यस्त देखिएका छन् ।

परिक्रमा यात्रुलगायत कन्चनवनमा उपस्थित समुदाय एक आपसमा यसरी घुलमिल भएका छन् कि कुनै कसैलाई चिन्ता फिक्री नै छैन । एउटा अलगै उत्सवको माहोलमा सबै परिक्रमावासी र स्थानीयहरु रमाएका छन् ।

आइतबार बिहानैदेखि कञ्चनवनको दृश्य झट हेर्दा होलीपर्व आजै हो जस्तै लागे पनि यो माहोल भने मिथिलाको बहुचर्चित माध्यमिक परिक्रमाको धार्मिक लस्करले रङ अबिर र गुलाल उडाउँदै मनाएको होलीको पो छ ।

त्रेतायुगमा भगवान रामले कन्चनवनमा होली खेलेको सम्झनामा १५ दिने परिक्रमा यात्रामा सहभागीहरु आइतबार बिहानै कन्चनवन पुगेर रङ,गुलाल र अबिर एक आपसमा दलेर खुशियाली साटासाट गर्दै होलीको शुभकामना आदानप्रदान गरी होली मनाएका छन् ।

शनिबार ध्रुवकुण्डमा रात्रि विश्राम गरेपश्चात् आइतबार बिहानै कञ्चनवन पुगेका परिक्रमा यात्रामा सहभागी साधु, सन्त, महन्थ, नागा, गृहस्थलगायत सबै एक आपसमा मिलेर नाच्दै गाउँदै होली मनाउँदा सबै परिक्रमावासीको अनुहार र कपडा रङ अबिरले रङ्गीन देखिएको छ ।

कञ्चनवन पुगी जनकपुरधामस्थित राममन्दिरका महन्थ र जानकी मन्दिरका महन्थहरुले एक आपसमा होली खेली मिथिलाञ्चलमा होलीको विधिवत् शुरुवात गर्ने परम्परा रहि आएको छ ।

यसपालि भने स्थानीय निकायका जनप्रतिनिधिले पहिल्यैदेखि नै कन्चनवनमा होलीको तयारी गरेपछि मनोरञ्जन थपिएको परिक्रमा यात्रु नवल यादवले बताए । कन्चनवनको परिक्रमावासीको होली पहिल्यैभन्दा अलिक बढी नै व्यवस्थित र मनोरन्जनात्मक ढङ्गले मनाइएको परिक्रमा यात्री यादवले अनुभव सुनाए ।



वसन्तपञ्चमीदेखि नै फागुपर्वको शुरुवात भएको मानिए पनि मिथिलाञ्चलमा परिक्रमा यात्रीले कञ्चनवनमा होली खेलेपछि मात्रै होलीको विधिवत् शुरुवात हुने परम्परा छ ।

धनुषास्थित कचुरीको मिथिला बिहारी कुटीबाट मिथिला बिहारी तथा अग्नि कुण्डबाट किशोरीजीको डोलाका साथ हनुमानगढीबाट शुरु भएको परिक्रमाका यात्रुहरु कल्याणेश्वर फुलहर, मटिहानी, जलेश्वर, मडै, ध्रुवकुण्ड हुँदै आइतबार कञ्चनवन पुगेका छन् ।

मिथिला माहात्म्य अनुसार अठारौं शताब्दीदेखि माध्यमिकी परिक्रमाको रुपमा मनाइँदै आएको यस धर्मयात्राका सहयात्रीले रात्रि भजन कीर्तन गरी १५ दिन बिताउने गर्दछन् ।

विश्वकै सर्वाधिक लामो समयसम्म चल्ने धार्मिक यात्रा परिक्रमाका यात्रुहरु भारतको कलना, फुलहर, महोत्तरीको मटिहानी, जलेश्वर, मडै ध्रुवकुण्ड, कञ्चनवन, हुँदै धनुषाको पर्वता, धनुषाधाम, सतोषर, औरहीमा एक एक रात विश्राम गरी पूर्णिमाको अघिल्लो रात जनकपुरधाम आइपुग्छन र पूर्णिमाको दिन जनकपुरको अन्तर्गृह परिक्रमा गरी होली खेली १५ दिवसीय यात्रा सम्पन्न गर्नेछन् ।

सुख समृद्धि मानसिक शान्ति तथा चारधामको दर्शन गरे बराबरको फल प्राप्ति हुने जनविश्वासका साथ यस धर्म यात्राका यात्रुहरुले नेपालको १ सय ७ तथा भारतको २६ गरी १ सय ३३ किलोमिटर भूमिको पैदल यात्रा गर्ने मान्यता छ ।

यात्रामा नेपाल भारतका लाखभन्दा बढी साधुसन्त महन्थ र गृहस्थहरुको सहभागिता छ । नेपाल र भारतको सामाजिक सद्भावको सेतुको रुपमा रहेको यो परिक्रमाले धार्मिक, ऐतिहासिक र पुरातात्विक महत्वको परिचय दिने गर्छ ।

मिथिला परिक्रममा सहभागी हुनेले १५ विश्रामस्थलमा नाङ्गो खुट्टा पैदल हिँडेर यात्रा गर्नुपर्ने हुनाले परिक्रमा यात्रालाई कठोर धार्मिक यात्राको रुपमा पनि हेर्ने गरिन्छ । परिक्रमाका सहभागीहरु १५ दिनसम्म लसुन, प्याज र मांसाहारी भोजनको परित्याग गर्ने र एक छाक मात्रै खाना खाने प्रचलन रहि आएको छ ।

साथै परिक्रमा यात्रीले परिक्रमा अवधिभर गृह प्रवेश नगर्ने र खुल्ला आकाशमुनि पाल टाँगेर वनवास जस्तै जीवन बिताउने गर्दछ । १५ दिने यात्राको क्रममा यात्रीहरुले दिनरात मर्यादा पुरुषोतम राम र सीताको भजन कीर्तन गर्ने र उनले आफ्नो जीवनमा मर्यादाविपरीत कुनै काम नगरेको जस्तै परिक्रमावासीले पनि परिक्रमा घुम्दा बनाइएको नियम परिधिभित्रै रहेर यो यात्रामा सहभागी हुने यसको मुख्य विशेषता रहिआएको छ ।

परिक्रमामा भारतको आयोध्या, मथुरा, हरिद्धार, दरभङ्गा, सीतामढी, बैजनाथधामका साधुहरु उल्लेख्य रुपमा सहभागी भएका छन् । परिक्रमामा सहभागी हुनाले मन वचन र कर्मले भएका पाप तथा अन्याय नष्ट भएर मनोकामना पूरा हुने धार्मिक मान्यता रहिआएको परिक्रमाका सहभागीहरु बताउछन् ।

मिथिलाको हरेक पर्व, त्योहारमा परिक्रमा गर्ने चलन पुरानो र अनिवार्य रहेको पाईन्छ । प्रत्येक वर्ष मनाइने परिक्रमा मिथिलाञ्चलकै १५ दिवसीय महाकुम्भको रुपमा चर्चित रहेको पाइन्छ ।

परिक्रमा बृहत्, मध्य र अन्तगृह गरी तीन प्रकारको हुन्छ । बृहत् परिक्रमा उत्तरमा हिमालय पर्वत श्रेणी, पूर्वमा कोशी, दक्षिणमा गङ्गा र पश्चिममा गण्डक सम्मको परिक्रमापछि मात्र सम्पन्न हुने भएकोले आज भोलि यस्तो परिक्रमा गरिंदैन । तर मध्यमा परिक्रमा अठारौं शताब्दीभन्दा पूर्वदेखि मनाइँदै आएको विश्वास गरिन्छ । यो पहिला पहिला ५ दिनसम्म मनाइने गरिन्थ्यो । तर यो परिक्रमालाई २० औं शताब्दीमा आएर महात्मा सुरकिशोर दासले पाँच दिनबाट १५ दिनमा परिणत गरेको थियो । जसले गर्दा अहिले ती परिक्रमामा साघुसन्त, महन्थ, गृहस्थी, नागालगायतको बृहत् उपस्थिति हुने गर्दछ ।

यो परिक्रममा भारत र नेपालको श्रद्धालुहरुको सहभागिता रहने गरेकोले यसलाई भारत र नेपालको सद्भावको सेतुको रुपमा पनि लिने गरिन्छ । यसले आर्थिक टेवा समेत दिने गर्छ ।

तर परिक्रमाको प्रत्येक विश्रामस्थलको आ-आफ्नै विशिष्ट महत्वको रहे पनि अहिले अवस्था ती स्थलहरुको अवस्था दयनीय हुदैं गइरहेको छ । ती स्थलहरुमा रहेको जलाशय, मठ, मन्दिर उपेक्षाको कारण जीर्ण बन्दै गएको छ । माध्यमिकी परिक्रमा यात्रुहरुको सुरक्षा व्यवस्थालाई दृष्टिगत गरी व्यापक रुपमा सशस्त्र र नेपाल प्रहरी परिचालन गरिएको छ ।

# बालुवा, गिट्टी निकाल्न बन्द गराएपछि क्रसर उद्योगका मजदुर प्रदर्शनमा

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिकाको कार्यालय अगाडि क्रसर उद्योगका मजदुर, ट्र्याक्टर धनी र ट्र्याक्टरमा काम गर्ने मजदुरहरुले प्रदर्शन गरेका छन् ।

नगरपालिकाले क्रसर उद्योग र नदीजन्य पदार्थको उत्खनन बन्द गराएपछि आफूहरु बेरोजगार बनेकाले काम गर्ने वातावरण बनाइदिन माग गर्दै कार्यालय अगाडि ट्र्याक्टर जम्मा गरेर आइतबार उनीहरु प्रदर्शनमा उत्रेका छन् ।



विरोधप्रदर्शनकोनेतृत्वगरिरहेका हरिदेव महतोले नगरपालिकाले क्रसर उद्योग र नदीनालाबाट बालुवा, गिट्टी निकाल्न बन्द गराएपछि त्यसमा आश्रित मजदुर र बैङ्कलाई ट्र्याक्टरको किस्ता बुझाउन नसकेर ट्र्याक्टर धनी मारमा परेको बताए ।

उनले पाँच सयभन्दा बढी मजदुर र सयौं ट्र्याक्टर काम नपाएर थन्किएको जानकारी दिए । नगपालिका अन्तर्गत रहेको नदीनाला ठेक्का नलगाउनु नगरपालिकाको गल्ती भएको भन्दै यथाशीघ्र नदीनाला ठेक्कामा लगाउन र क्रसर उद्योग सञ्चालनका लागि सहज वातावरण निर्माण गरिदिन आफूहरुको माग उनको भनाइ छ ।

हरिदेव यसअघि नगरपालिकाका नगरप्रमुख महेन्द्र महतोलाई दुई पटक ज्ञापनपत्र बुझाएको बताउँदै कुनै निकास नदिएसम्म यहाँबाट नफर्कने बताए ।

मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतोले आन्तरिक समस्याका कारण यस वर्ष खोला ठेक्कामा लाग्न नसकेको बताउँदै कार्यपालिका समितिको निर्णयअनुसार स्थानीय तहमा दर्ता नभएको, नवीकरण नगरेको र राजस्वसमेत नबुझाएका क्रसर उद्योगहरु बन्द गराएको बताए । उनले केही तत्वको उक्साहटमा ट्र्याक्टर धनी र मजदुर विरोधमा उत्रेको जानकारी दिए ।

# अन्सारीको निधनले कुशल नेतृ गुमाए : मुख्यमन्त्री यादव

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रतिनिधिसभा सदस्य मञ्जु शर्मा अन्सारीको निधनले मधेश प्रदेशले कुशल नेतृ गुमाएको बताएका छन् । मुख्यमन्त्री यादवले आइतवार एक शोक वक्तव्य जारी गर्दै जसपा नेपालका नेतृसमेत रहेकी प्रतिनिधिसभा सदस्य अन्सारीको निधनप्रति शोक तथा श्रद्धाञ्जलि व्यक्त गरेका छन् ।

हृदयघातबाट अन्सारीको आकस्मिक निधनबाट आफू मर्माहत भएको भन्दै मधेशले जुझारु अधिकारकर्मी र देशले कुशल नेतृ गुमाएको मुख्यमन्त्री यादवले जनाएका छन् ।



०६२/०६३ को आन्दोलनलगायत न्याय तथा समानताका लागि भएको मधेश आन्दोलनमा सक्रिय योगदान पुऱ्याएकी अन्सारीको निधनले अपुरणीय क्षति भएको मुख्यमन्त्री यादवले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सो विज्ञप्तिमा भनिएकोछ-' उहाँको अवसानबाट मधेशले मधेश जागरणका लागि सङ्घर्षको एक कुशल योद्धा गुमाएको छ ।' प्रतिनिधिसभा सदस्य अन्सारीको उपचारको क्रममा आइतबार विहान काठमाण्डुस्थित सिभिल अस्पतालमा निधन भएको थियो ।

जसपाबाट समानुपातिक तर्फबाट प्रतिनिधिसभा सदस्य पदमा निर्वाचित शहनाज रहमानको २०७९ फागुन १३ गते निधन भएपछि रिक्त स्थानमा अन्सारीलाई सो पदमा चयन गरिएको थियो ।


## उपभोक्ताप्रति सचेत बनौं

- खाद्य पदार्थमा कम गुणस्तरको खाद्य पदार्थ वा अन्य अखाद्य पदार्थ मिसावट गर्न,
- अनुचित व्यापारिक क्रियाकलाप गर्न,
- वस्तु वा सेवाको वास्तविक गुणस्तर, नापतौल, मुल्य आदि ढाँटेर वा झुक्याएर बिक्री वितरण गर्न,
- एकाधिकारपूर्णव्यापारिकक्रियाकलापगर्नगराउन,
- एउटै वा एकै किसिमको वस्तु वा सेवा दिने व्यक्ति तथा कम्पनी मिलेर बजारमा एकाधिकार गर्न,
- अरुको उत्पादनलाई बजार प्रवेशमा रोक लगाउन,
- मिलिमितोमामहङ्गोमूल्यनिर्धारणगर्नपाईदैन/हुँदैन।

**यस्ता कार्य दण्डनीय भएकोले त्यस्तो गरेको पाइएमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा खबर**

नेपाल सरकार
विज्ञापन बोर्ड


# डिभिजन वन अधिकृतसहित २४ जनाविरुद्ध सार्वजनिक सम्पत्ति हिनामिनाको मुद्दा

**टुडे समाचारदाता**

काठमाण्डु । महोत्तरीको जलेश्वरस्थित डिभिजन वन कार्यालयका तत्कालीन डिभिजन वन अधिकृत हेमन्तप्रसाद साहसहित २४ जनाविरुद्ध ११ लाख ९६ हजार ६९५ रुपैयाँ सार्वजनिक सम्पत्ति हिनामिना गरेको मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि घिमिरेका अनुसार व्यक्तिलाई लाभ हुने गरी विभिन्न जातका चार सय छ वटा रुख कटान गरी/गराइ ११ लाख ९६ हजार ६९५ रुपैयाँ बराबरको सरकारी सम्पत्ति हानिनोक्सानी भएको पुष्टि भएको छ।

साहसहित तत्कालीन सहायक वन अधिकृत बेचन ठाकुर, सब-डिभिजन वन कार्यालय बर्दिवास, महोत्तरीका तत्कालीन सहायक वन अधिकृत लक्ष्मणप्रसाद यादव, फरेष्टर सन्तोषकुमार साह, वनरक्षक राजकिशोर झा, अजयकुमार यादव, राकेशकुमार यादव, नारायण ढुङ्गेल र दिलीप महतोविरुद्ध गलत विवरण व्यहोराको सर्जमिन मुचुल्का तयार गरेको आरोप लागेको छ ।

यस्तै, नापी कार्यालय, बर्दिबासका तत्कालीन अमिन रामदरश राउत, मालपोत कार्यालयका तत्कालीन नायब सुब्बा ओमप्रकाश खड्का र बर्दिबास नगरपालिका वडा नम्बर १ का तत्कालीन वडा सदस्य शान्तादेवी श्रेष्ठविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको आयोगको विज्ञप्तिमा उल्लेख छ ।




बर्दिबास नगरपालिका १ का तत्कालीन वडाअध्यक्ष चूडामणि पोखरेल, रम्तेल डाँडा सामुदायिक वन उपभोक्ता समितिका तत्कालीन अध्यक्ष शेरबहादुर राउत, तत्कालीन उपाध्यक्ष उमादेवी बुढाथोकी, कोषाध्यक्ष प्रेमबहादुर थापा, सचिव धनकुमारी मगर, तत्कालीन सदस्य उर्मिला थापामगर र पूर्णबहादुर सुस्लिङविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम पूरै सजाय हुन मागदाबी लिइएको आयोगले जनाएको छ ।

यसैगरी, जग्गाधनीद्वय लीलामणि आचार्य र कृष्णप्रसाद गौतम, वनका उपभोक्ता एमबहादुर थापा मगर र नन्दमाया खनाल भनिने नन्दमाया क्षेत्री, सिन्धुलीको सुनकोशी गाउँपालिका वडा नम्बर ४ का रुख कटान गर्ने ठेकेदार सन्दीप नेपालीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम सजायको मागदाबी लिइ आइतबार विशेष अदालत, काठमाण्डुमा आरोपपत्र दायर भएको आयोगले जनाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८